# सौर्य दैनिक

www.souryonline.com

वर्ष ११ अंक ३३ बिहीबार, १० चैत २०७८ SOURYA NATIONAL DAILY Thursday, 24 March 2022 पृष्ठ : ८ मूल्य रू. ५



MEGA BANK NEPAL LIMITED ११.०३% वार्षिक ब्याजदर The Banker Bank of the Year 2019 NEPAL विश्वास जित्दै... अघि बढ्दै... MEGA


अत्यावश्यक बस्तुमा सिन्डिकेट

# इन्धनमा निजी क्षेत्रको ‘दादागिरी’



■ राजेश बर्मा

काठमाडौं । अत्यावश्यक वस्तुभित्र पर्ने इन्धनको ढुवानी र बिक्री वितरण ठप्प हुने गरी राष्ट्रिय पेट्रोलियम व्यवसाय संस्थागत समन्वय समितिले आन्दोलनको घोषणा गरेका छन् । समन्वय समितिले पेट्रोलियम क्षेत्रमा ‘दादागिरी’ मात्रै होइन सिन्डिकेट नै कायम हुने गरी अत्यावश्यक र आवश्यक सेवा ठप्प पार्ने धम्की दिएर आन्दोलन घोषणा गरेको हो ।

सरकारले पेट्रोलियम क्षेत्रलाई आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐनअन्तर्गत अत्यावश्यक सूचीभित्र राखेको छ । यसैगरी पछिल्लो समयमा सरकारले राजपत्रमार्फत अत्यावश्यक सेवामा हड्ताल गर्न नपाइने सूचना पनि जारी गरेको छ । ०७७ मंसिर १५ गते

ग्यास आयात गर्न जारी पिडिओको अवस्था

| डिपो | ७ गते | ८ गते | ९ गते |
|---|---|---|---|
| झापा | ० | ० | ० |
| बिराटनगर | ० | ६ | ० |
| वीरगञ्ज | १२ | ३ | २१ |
| भैरहवा | ५ | ४ | ० |
| नेपालगञ्ज | ० | ० | ० |
| धनगढी | ० | ० | ० |
| कुल : | १७ | १३ | २१ |

सरकारले जारी गरेको राजपत्रअनुसार २५ वटा क्षेत्रमा हड्ताल गर्न निषेध गरिएको छ । यो २५ वटा क्षेत्रमा एलपी ग्याससहित पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, भण्डारण तथा वितरणसम्बन्धी सेवामा अत्यावश्यक सेवा

> “ पेट्रोलियम ढुवानी र वितरण क्षेत्रमा सरकारको आफ्नै संयन्त्र नहुँदा बर्सेनि निजी क्षेत्रका व्यवसायीले सिन्डिकेट कायम गर्दै यसरी आपूर्ति प्रणालीमा अवरोध सिर्जना गर्दै आएका छन् । आफ्नो संयन्त्रणको अभावमा सरकारसहित निगम हरेकपटक निजी क्षेत्रसामु घुँडा टेक्न बाध्य हुँदै आएको छ

सञ्चालन ऐनअनुसार हड्ताल गर्न निषेध गरिएको छ ।

नेपाल आयल निगमसहित सरकारलाई घुँडा टेकाएर आफ्नो माग पूरा गराउन नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसन, नेपाल एलपी ग्यास उद्योग संघ र नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघले मिलेर राष्ट्रिय पेट्रोलियम व्यवसाय संस्थागत समन्वय समिति गठन गरेका हुन् । यही समितिमार्फत तीन वटै संस्थाले पेट्रोलियम पदार्थजस्तो अत्यावश्यक क्षेत्रमा सिन्डिकेट कायम गर्दै ढुवानी र बिक्री वितरण ठप्प पार्ने धम्की दिएका छन् । अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्यले कीर्तिमान कायम गरिरहँदा र नेपाल आयल निगम धरासायी बनेको अवस्थामा

बाँकी पृष्ठ २

**लिलेन्द्र प्रधान (अध्यक्ष, नेपाल पेट्रोलियम डिलर्स एशोसिएसन)**



जुनबेला पेट्रोलको मूल्य १ सय ४५ रुपैयाँ थियो, त्यसलाई हेरेर निगमले पेट्रोलतर्फ ३ दशमलव ३९५ प्रतिशत र डिजेलतर्फ ३ दशमलव १२ प्रतिशत भ्याट बाहेकको खरिद मूल्यको आधारमा बिक्री सेवा शुल्क तोकेको थियो । अर्थात इन्धनको मूल्य बढ्दा प्रतिशतमा कमिसन पनि बढ्थ्यो, मूल्य घट्दा कमिसनको प्रतिशत पनि घट्थ्यो ।

तर, पछिल्लो समय घाटामा गएको बहानामा निगमले मूल्य घट्दा घट्ने र बढ्दा बढ्ने प्रणालीलाई स्थगित गरी १ सय ४५ रुपैयाँ कायम रहेकै अवस्थाको कमिसनलाई निरन्तरता दियो । खाइपाइ आएको सुविधा काटेपछि हामी चुप लागेर बस्दैनौं । काटिएको सुविधा तत्काले उपलब्ध गराउनुपर्छ । पेट्रोलियम बिक्रेताले प्रतिशतको आधारमा पाउँदै आएको कमिसन ०७८ फागुन १९

बाँकी पृष्ठ २

**कुशप्रसाद मल्ली (अध्यक्ष, नेपाल एलपी ग्यास उद्योग संघ)**



निगमले भारत र नेपालभित्र ग्यास ढुवानी गरेवापत प्रतिसिलिन्डर ८७ रुपैयाँ मात्रै ढुवानी भाडा उपलब्ध गराउँदै आएको छ । यो ढुवानी भाडा त्यो बेलाको हो, जुनबेला डिजेलको मूल्य नेपालमा ९७ रुपैयाँ प्रतिलिटर थियो । त्यहीबेला तोकिएको मूल्य अहिले पनि कायम छ ।

तर, अहिले भारतमै इन्धनको मूल्य वृद्धि भएर ५० प्रतिशतसम्म र नेपालमा ४५ प्रतिशतसम्म भाडा दर बढेको छ । ढुवानी भाडा दर बढ्दा पुरानो दरमा नेपाल र भारतको ट्रान्सपोर्टरले ढुवानी नगर्ने पत्र पनि पठाएको छ । हामीले यातायात क्षेत्रमा लागू भएको वैज्ञानिक भाडा दरजस्तै पेट्रोलियम ढुवानी गर्ने साधनमा पनि त्यस्तै स्वचालित ढुवानी भाडा दर कार्यान्वयन गर्न माग गरेका हौँ । अहिले प्रतिसिलिन्डर ढुवानी गर्दा थप ५० रुपैयाँ भार थपिएको छ ।

बाँकी पृष्ठ २

संवैधानिक नियुक्ति विवाद

## विपक्षीसँग लिखित जवाफ माग




■ सौर्य समाचार

काठमाडौं । सर्वोच्च अदालतको संवैधानिक इजलासले संवैधानिक पदाधिकारीहरूको नियुक्ति बदर गर्न माग गरिएको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । अन्तरिम आदेश जारी नभएपछि केपी शर्मा ओली प्रधानमन्त्री हुँदा संवैधानिक परिषद् बैठकको सिफारिसबाट नियुक्त भएका संवैधानिक पदाधिकारीको पद तत्काल कायमै रहने भएको छ ।

संवैधानिक पदाधिकारी नियुक्तिविरुद्ध परेको रिटमा बुधबार संवैधानिक इजलासले विपक्षीसँग लिखित जवाफ माग गरेको छ । कामु प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीश मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ र ईश्वरप्रसाद खतिवडाको इजलासले राष्ट्रपति कार्यालय, संवैधानिक परिषद्लगायतका निकायलाई नियुक्तिको आधार र कारण पेस गर्न आदेश दिएको छ । तत्कालीन प्रधानमन्त्री ओलीले अध्यादेशमार्फत संवैधानिक परिषद्सम्बन्धी कार्यविधि संशोधन गरेपछि बसेको संवैधानिक परिषद्को बैठकले विभिन्न संवैधानिक आयोगमा ५२ जनालाई नियुक्तिका लागि

बाँकी पृष्ठ २

■ विश्वकै सर्वाधिक प्रदूषित सहर

# काठमाडौं छैटौं स्थानमा



■ सौर्य समाचार

काठमाडौं । वायुको गुणस्तरबारे अनुगमन गर्ने स्विस कम्पनी आइक्युएयरले सार्वजनिक गरेको पछिल्लो सूची नेपालका लागि निराशाजनक देखिएको छ । वायुको गुणस्तरको हिसाबले खासगरी नेपालको राजधानी काठमाडौं बढी प्रभावित देखिन्छ ।

विश्वकै सबैभन्दा बढी प्रदूषित सहरहरूको सूचीमा काठमाडौं छैटौं नम्बरमा रहेको छ । यसको अर्थ काठमाडौं विश्वकै छैटौं प्रदूषित सहर बनेको छ । यसैगरी देशको हिसाबले भने नेपाल १०औं नम्बरमा रहेको छ ।

आइक्युएयरको तथ्यांकअनुसार सन् २०२१ मा भारतको समग्र प्रदूषण तह झनै खराब देखिन्छ । भारतको राजधानी नयाँदिल्ली विश्वकै सबैभन्दा प्रदूषित राजधानी सहर बनेको छ । दिल्ली लगातार चौथोपटक विश्वकै सर्वाधिक प्रदूषित सहर बनेको हो । विश्वका सय प्रदूषित सहरहरूमध्ये ६३ वटा सहर भारतमा रहेको प्रतिवेदनमा उल्लेख छ । प्रदूषित राजधानी सहरको सूचीमा बंगलादेशको ढाका दोस्रो, चाडको एन्मामेना तेस्रो, ताजिकिस्तानको डुवानबे चौथो र ओमनको मस्कट पाँचौं स्थानमा छन् ।

देशको हिसाबले भने बंगलादेश विश्वकै सबैभन्दा प्रदूषित राष्ट्र बनेको छ । आइक्युएयरको तथ्यांकअनुसार, प्रदूषित राष्ट्रहरूको सूचीमा चाड गणतन्त्र दोस्रो, पाकिस्तान तेस्रो, ताजिकिस्तान चौथो र भारत पाँचौं स्थानमा रहेका छन् ।

यसैगरी ओमान छैटौं, किर्गिस्तान सातौं, बहराइन आठौं र इराक नवौं स्थानमा छन् । प्रदूषित सहर र देशको सूचीमा माथिल्लो स्थानमा अधिकांश एसियाली राष्ट्र रहेका छन् । सुडान, उज्बेकिस्तान, कतार र अफगानिस्तान क्रमशः ११औं देखि १४औं स्थानमा छन् । आइक्युएयरले संग्रह गरेको तथ्यांकअनुसार कुनै पनि देशले सन् २०२१ मा प्रदूषणसम्बन्धी मापदण्ड पूरा गर्न सकेनन् ।

बाँकी पृष्ठ २

# ‘जनादेशविरुद परमादेश’

■ सौर्य समाचार

काठमाडौं । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आगामी निर्वाचन जनादेश र परमादेशबीचको जनमत संग्रहका रुपमा हुन लागेको बताएका छन् । पार्टी केन्द्रीय कमिटीको बुधबार काठमाडौंमा सुरु भएको बैठकमा राजनीतिक प्रतिवेदन पेश गर्दै अध्यक्ष ओलीले आगामी निर्वाचनलाई राजनीतिक स्थायित्वका पक्षधर र अस्थिरताका संवाहकबीचको लडाइका रुपमा हेर्नुपर्ने बताए ।

‘यो निर्वाचन सामान्य, नियमित र सहज अवस्थामा हुँदैछैन । यो त जनादेश र परमादेशबीचको जनमत संग्रहका रूपमा हुँदैछ’, अध्यक्ष ओलीले भनेका छन्, ‘आगामी निर्वाचन समृद्धि कि बर्बादी, लोकतान्त्रिक संस्थाहरूको रक्षा कि मानमर्दन बीचको छनोटका रूपमा हुँदैछ ।’




पूर्वप्रधानमन्त्री ओलीले आगामी निर्वाचनमा एकातिर, असल काम गर्दागर्दै षडयन्त्रपूर्वक तरिकाले सरकारबाट विस्थापित गरिएको नेकपा एमाले रहेको र अर्कोतिर, निर्वाचनबाट किनारा लागेर पनि अदालतको जस्केलाबाट छिरेको दक्षिणपन्थी शक्ति तथा तिनका सहयोगी दलहरू रहेको बताएका छन् ।

उनले वर्तमान सरकारले जनदवावका कारणमात्र बाध्य भएर स्थानीय तहको चुनावको मिति घोषणा गरेको दाबी पनि गरेका छन् । ‘निर्वाचनलाई तोकिएकै मितिमा, शान्तिपूर्ण, धाँधलीरहित र निष्पक्ष ढंगले सम्पन्न गर्ने कुरा सुनिश्चित गर्न चनाखो भएर खबरदारी गरिरहनु जरूरी छ’, अध्यक्ष ओलीले भनेका छन् । ओलीले संवैधानिक परिषद्ले गरेका नियुक्तिसम्बन्धी मुद्दाका माध्यमबाट निर्वाचन आयोगको संरचनालाई प्रभावित गर्ने र निर्वाचन

बाँकी पृष्ठ २




## काठमाडौं...

गरिएका सहरहरूमध्ये केवल ३ दशमलव ४ प्रतिशतले मात्र मापदण्ड पूरा गरेको पाइएको छ । कुल १ सय १७ देशका ६ हजार ४ सय ७५ वटा सहरहरूको वायु गुणस्तरको तथ्यांकलाई विश्लेषण गरी प्रतिवेदन सार्वजनिक गरिएको आइक्युएयरले जनाएको छ । प्रतिवेदनले सन् २०२१ मा विश्वव्यापी वायु गुणस्तरको सारांश पनि प्रस्तुत गरेको छ ।

केही देशले भने प्रदूषण नियन्त्रण गर्न सफलता प्राप्त गरेको प्रतिवेदनमा जनाइएको छ । 'केही देशले प्रदूषण कटौतीमा ठूलो प्रगति गरिरहेका छन्', आइक्युएयरकी विज्ञान प्रबन्धक क्रिष्टी स्रोडरले भनेकी छन्, 'चीनले समयसँगै प्रदूषणलाई घटाउँदै लगेको छ । तर, संसारमा यस्ता ठाउँहरू पनि छन् प्रदूषणको अवस्था झनै खराब हुँदै गएको देखिन्छ ।'

## विपक्षीसँग...

सिफारिस गरेको थियो । उनीहरूले संसदीय सुनुवाइविना नै राष्ट्रपतिबाट नियुक्ति पाएका थिए ।

त्यसपछि अधिवक्ता ओमप्रकाश अर्याल लगायतले अध्यादेश जारी भएपछि बसेको संवैधानिक परिषद्को बैठक अवैधानिक भएको भन्दै नियुक्ति सिफारिस बदर गर्नुपर्ने मागसहित सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । रिट निवेदकले नियुक्ति बदर गर्न अन्तरिम आदेश पनि माग गरेका थिए ।

संवैधानिक इजलासमा बुधबार रिटको पक्षमा बहस गर्ने कानुन व्यवसायीहरूले पनि अन्तरिम आदेश माग गरेका थिए । वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवाली, दिनेश त्रिपाठीलगायतले तत्कालीन प्रधानमन्त्री ओलीले ल्याएको अध्यादेश अनुसार बसेको संवैधानिक परिषद्को बैठक नै अवैध भएको दाबी गरे ।

अवैध बैठकले गरेको सिफारिसका आधारमा भएको संवैधानिक आयोगहरूको नियुक्ति पनि स्वतः अवैध हुने भन्दै कानुन व्यवसायीले संवैधानिक इजलाससँग ती नियुक्ति बदर गर्न अन्तरिम आदेशको माग गरेका थिए ।

तत्कालीन प्रधानमन्त्री ओलीले तीन जना सदस्यको उपस्थितिमा बैठक बस्न र निर्णय गर्न सक्ने गरी संवैधानिक परिषद्सम्बन्धी कानुन अध्यादेशमार्फत संशोधन गरेका थिए । सोही अध्यादेशका आधारमा विभिन्न संवैधानिक आयोगमा पदाधिकारी नियुक्ति भएका थिए ।

ती पदाधिकारी अहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग लगायतका संवैधानिक निकायमा काम गरिरहेका छन् । संवैधानिक आयोगमा प्रधानमन्त्रीको नेतृत्वमा प्रमुख प्रतिपक्षी दलका नेता, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रियसभाका अध्यक्ष र उपसभामुख रहने संवैधानिक व्यवस्था छ ।

## जनादेशविरुद्ध...

हुन नदिने प्रयास हुनसक्ने आशंका पनि ब्यक्त गरेका छन् । उनले आफ्नो राजनीतिक प्रतिवेदनमा निर्वाचन आयोगले जारी गरेको आचारसंहितामा बहालबाला जनप्रतिनिधिले पुनः उम्मेदवार बन्न चाहेमा पदबाट राजीनामा दिनुपर्ने ब्यवस्था राख्नु दुःखद भएको उल्लेख गरेका छन् ।

'प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका क्रममा सम्बन्धित तहको सरकारमा रहेका जनप्रतिनिधिले उम्मेदवारी दिँदा राजीनामा दिनु नपर्ने तर, स्थानीय तहका हकमा यस्तो बाध्यकारी व्यवस्था राखिनु विभेदपूर्ण छ । संविधान र स्थानीय तह निर्वाचन ऐनले पनि स्थानीय तह रिक्तताको परिकल्पना गरेको छैन', उनले आफ्नो प्रतिवेदनमा भनेका छन् ।

ओलीले पेस गरेको राजनीतिक प्रतिवेदन स्थानीय तहको निर्वाचनमा बढि केन्द्रित छ । अध्यक्ष ओलीले स्थानीय तह निर्वाचनमा एमालेले जित्ने दाबी गर्दै त्यसका १८ आधार पनि पेस गरेका छन् । उनले प्रतिवेदनमा एमालेले गरेको कामको चर्चा गरेका छन् ।

## कुशप्रसाद...

एक सिलिन्डर ढुवानी गर्दा अहिले थप ५० रुपैयाँसम्म भाडा दर बढेको छ । हामीले डिजेलको मूल्य बढ्दा ग्याँस र ट्यांकरको ढुवानी भाडा बढाउनुपर्ने र मूल्य घट्दा घटाउनुपर्ने स्वचालित ढुवानी भाडा प्रणाली कार्यान्वयन गर्नुपर्ने माग अगाडि सारेका हौं । भाडा दर नबढाएसम्म ग्यास आयात गर्दैनौं ।

## लिलेन्द्र...

देखि निगमले स्थगित गरेकाले साविकअनुसार नै उपलब्ध गराउनुपर्छ ।

यसैगरी २०७७ मंसिर १८ देखि स्थगन भएको पेट्रोलियम बिक्रेताले पाउनुपर्ने प्राविधिक नोक्सानी कमिसन अध्ययन समितिले तोकेअनुसार उपलब्ध गराउनुपर्छ । पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्यांकरको हकमा पनि डिजेलको मूल्य बढ्दा ढुवानी भाडा बढनुपर्ने र मूल्य घट्दा ढुवानी भाडा घट्नुपर्ने प्रणाली कार्यान्वयनमा ल्याउनुपर्छ । पेट्रोलमा कम्तिमा पाँच प्रतिशत र डिजेलमा एक प्रतिशतको हाराहारीमा प्राविधिक नोक्सानी वापत कमिसन पनि पाउनुपर्ने माग छ ।

## इन्धनमा...

घुर्क्याउँदै जबरदस्ती कमिसन, ढुवानी भाडा वृद्धि र प्राविधिक नोक्सानीवापतको कमिसन माग गरेको हो ।

पेट्रोलियम ढुवानी र वितरण क्षेत्रमा सरकारको आफ्नै संयन्त्र नहुँदा बर्सेनि निजी क्षेत्रका व्यवसायीले सिन्डिकेट कायम गर्दै यसरी नै आपूर्ति प्रणालीमा अवरोध सिर्जना गर्दै आएका छन् । आफ्नो संयन्त्रणको अभावमा सरकारसहित निगम हरेकपटक निजी क्षेत्रसामु घुँडा टेक्न बाध्य हुँदै आएको छ ।

यसैगरी समितिमा सहभागी संघहरूले नेपालमा नयाँ ग्यास उद्योग, ढुवानी गर्ने ट्यांकर र पम्प खोल्न नदिन विभिन्न समयमा संसदीय समितिदेखि प्रधानमन्त्रीसहित मन्त्री तहसम्म दबाब दिने गरेका छन् । सोही कारण पनि यस्ता क्षेत्रमा स्वस्थ्य प्रतिस्पर्धा हुन नसक्दा थप सिन्डिकेट निम्तिएको छ । सिन्डिकेटकै भरमा यस्ता संघले निगम र सरकारसँग जस्तोसुकै माग पनि पूरा गराउँदै आएका छन् ।

**माग राख्दै : घुर्क्याउँदै**

समितिसँग आवद्ध नेपाल एलपी ग्यास उद्योग संघसँग सम्बद्ध उद्योगहरूले ६ चैतदेखि निगमको कार्यालयबाट ग्यास खरिद गर्न आवश्यक पर्ने प्रोडक्ट डेलिभरी अर्डर (पिडिओ) खरिद गर्न बन्द गरेका छन् । यसले गर्दा विस्तारै खाना पकाउने ग्याँस सिलिन्डर उत्पादनमा असर पर्न थालेको छ ।

संघसँग आवद्ध उद्योगहरूले सामान्य दिनमा एक सयको संख्यामा यस्तो पिडिओ अर्डर खरिद गर्दै आएकोमा सोमबार जम्मा १७ वटा अर्डर मात्रै खरिद गरे । यसैगरी मंगलबार १३ वटा मात्रै पिडिओ खरिद गरे ।

निगमका प्रवक्ता बिनितमणि उपाध्यायका अनुसार सामान्य समयमा वीरगञ्जबाट ५०, बिराटनगर र झापाबाट २०/२०, भैरहवाबाट १५ तथा नेपालगञ्ज र धनगढीबाट १५/१५ वटा पिडिओ दैनिक रूपमा जारी हुन्छ ।

एउटा पिडिओ बराबर १८ टनको एक बुलेट हुन्छ । उद्योगीले निगमबाट प्रति बुलेटबापत पिडिओ खरिद गरी इन्डियन आयल कर्पोरेसन (आइओसी) को भारतस्थित बरौनीबाट कुल मागको ४५ प्रतिशत र बाँकी करिब ३६ प्रतिशत पारादिप, हल्दिया र मथुराबाट ग्याससहितको बुलेट आयात गर्दै आएका छन् ।

नेपालमा दैनिक एक लाख सिलिन्डर खपत हुन्छ । एलपी ग्यास उद्योग संघका अध्यक्ष तथा राष्ट्रिय पेट्रोलियम व्यवसाय संस्थागत समन्वय समितिका संयोजक कुशप्रसाद मल्लीका अनुसार निगमले भारत र नेपालभित्र ग्यास ढुवानी गरेवापत प्रतिसिलिन्डर ८७ रुपैयाँ मात्रै ढुवानी भाडा उपलब्ध गराउँदै आएको छ । यो ढुवानी भाडा जुनबेला डिजेलको मूल्य नेपालमा ९७ रुपैयाँ प्रतिलिटर थियो, त्यहीवेला तोकिएको थियो ।

'तर, अहिले भारतमै इन्धनको मूल्य वृद्धि भएर ५० प्रतिशतसम्म र नेपालमा ४५ प्रतिशतसम्म भाडा दर बढेको छ', मल्लीले भने, 'ढुवानी भाडा दर बढ्दा पुरानो भाडा दरमा नेपाल र भारतको ट्रान्सपोर्टरले ढुवानी नगर्ने पत्र पठाएको छ । हामीले यातायात क्षेत्रमा लागू भएको वैज्ञानिक भाडा दरजस्तै पेट्रोलियम ढुवानी गर्ने साधनमा पनि त्यस्तै स्वचालित ढुवानी भाडा दर कार्यान्वयन गर्न माग गरेका हौं ।'

एक सिलिन्डर ढुवानी गर्दा अहिले थप ५० रुपैयाँसम्म भाडा दर बढेको संघले जनाएको छ । समितिले डिजेलको मूल्य बढ्दा ग्याँस र ट्यांकरको ढुवानी भाडा बढाउनुपर्ने र मूल्य घट्दा घटाउनुपर्ने स्वचालित ढुवानी भाडा प्रणाली कार्यान्वयन गर्न माग गरेको छ ।

मल्लीले अत्यावश्यक विषय व्यवसायीको हकमा मात्रै लागू गर्न नहुने बताए । उनले भाडा दर नबढाएसम्म आफूहरूले ग्यास आयात गर्ने नयाँ पिडिओ नबुझ्ने जानकारी दिए । बुझिसकेका पुरानो पिडिओको आधारमा दुई/चार वटा ग्यासको बुलेट आए पनि नयाँ नआएको मल्लीले बताए । पुरानो पिडिओबाट आइरहेको बुलेटबाट करिब एक सातासम्मको मागलाई जेनतेन धान्ने उनको भनाइ छ ।

नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनका अध्यक्ष तथा समितिका सहसंयोजक लिलेन्द्र प्रधानले निगम घाटामा गएको भनेर खाइपाई आएको सुविधा काटेका कारण आफूहरू बाध्य भएर आन्दोलनमा गएको बताए ।

उनका अनुसार जुनबेला पेट्रोलको मूल्य १ सय ४५ रुपैयाँ थियो, त्यसलाई हेरेर निगमले पेट्रोलतर्फ ३ दशमलव ३९५ प्रतिशत र डिजेलतर्फ ३ दशमलव १२ प्रतिशत भ्याट बाहेकको खरिद मूल्यको आधारमा बिक्री सेवा शुल्क तोकेको थियो । अर्थात इन्धनको मूल्य बढ्दा प्रतिशतमा कमिसन पनि बढ्थ्यो, मूल्य घट्दा कमिसनको प्रतिशत पनि घट्थ्यो ।

'तर पछिल्लो समयमा घाटामा गएको बहानामा निगमले मूल्य घट्दा घट्ने र बढ्दा बढ्ने प्रणालीलाई स्थगित गरी १ सय ४५ रुपैयाँ कायम रहेकै अवस्थाको कमिसनलाई निरन्तरता दियो', प्रधानले भने, 'खाइपाइ आएको सुविधा काटेपछि हामी चुप लागेर बस्दैनौं । हामीलाई खाइपाइ आएको सुविधा तत्काल उपलब्ध गराउनुपर्छ ।'

पेट्रोलियम बिक्रेताले प्रतिशतको आधारमा पाउँदै आएको कमिसन ०७८ फागुन १९ देखि निगमले स्थगित गरेकाले साविकअनुसार नै उपलब्ध गराउनुपर्ने माग समितिले गरेको छ । यसैगरी ०७७ मंसिर १८ देखि स्थगन भएको पेट्रोलियम बिक्रेताले पाउनुपर्ने प्राविधिक नोक्सानी अध्ययन समितिले तोकेअनुसार उपलब्ध गराउनुपर्ने माग पनि अघि सारिएको छ ।

समितिले प्राविधिक नोक्सानी बृद्धि गर्न पनि माग गरेको छ । समितिले पेट्रोलमा कम्तिमा पाँच प्रतिशत र डिजेलमा एक प्रतिशतको हाराहारीमा प्राविधिक नोक्सानी वापत कमिसन पाउनुपर्ने माग राखेको छ । निगमले भने हाल पेट्रोलमा शून्य दशमलव ८८ प्रतिशत र डिजेलमा शून्य दशमलव ६० प्रतिशत प्राविधिक नोक्सानीवापत कमिसन बिक्रेतालाई उपलब्ध गराउँदै आएको छ ।

यसैगरी केही समयअघि नापतौल तथा गुणस्तर विभाग, आयल निगम र काठमाडौं युनिभर्सिटीको सहितको अध्ययन टोलीले बुझाएको प्रतिवेदनले पेट्रोलमा एक प्रतिशत र डिजेलमा हाल उपलब्ध गराइएको कमिसनलाई अझै घटाउनुपर्ने सुझाव दिएको छ ।

निगमले यो प्राविधिक नोक्सानी वापतको कमिसन काठमाडौं वरिपरिको १५ किलोमिटरको क्षेत्रलाई तोकेर निर्धारण गरेको हो । त्यो वाहेकको दुरीमा भने पेट्रोलियम व्यवसायीले आफूखुसी यस्तो कमिसन लिँदै आएका छन् ।

निगमका प्रवक्ता उपाध्यायका अनुसार पछिल्लो समयमा व्यवसायी र उद्योगीले उठाएको मागको विषयमा अध्ययन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहसचिव राधिका अर्यालको नेतृत्वमा सोमबार अध्ययन समिति बनाइएको छ ।

'यो समितिले उठाइएका मागहरूको बारेमा आवश्यक अध्ययन गर्ने र यसअघि भएका अध्ययनको आधार लिएर दिइएको सुझावको आधारमा हामी उहाँहरूको माग सम्बोधन गर्छौं', उपाध्यायले भने । उनका अनुसार यो अध्ययनको प्रतिवेदन नआउँदासम्म (आगामी जेठ मसान्त) उद्योगी र व्यवसायीलाई आन्दोलनका कार्यक्रम फिर्ता लिन आग्रहसहितको पत्राचार गरिएको छ ।

समितिले हाल नेपालमा पेट्रोलियम ऐन नभएकाले उक्त ऐन पनि तत्काल तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने र एलपी ग्यास विनियावली, बिक्रेता बिनियावली तथा ढुवानी नियमावली सरोकारवाला निकायको सहभागितामा परिमार्जन गरी संशोधन गर्नुपर्ने माग पनि अगाडि सारेको छ ।

**पटकपटक अवरोध**

यसअघि पनि गत २० फागुनमा पेट्रोलियम व्यवसायीले इन्धनको ढुवानी गर्न बन्द गरेका थिए । कोभिडको पहिलो चरणमा पनि कोभिडविरुद्धको खोपको माग राख्दै व्यवसायीले जेठको अन्तिम साता देशभर ट्यांकर चालकले थानकोट डिपोबाट इन्धनको लोड अनलोड बन्द गरेका थिए ।

यसैगरी गत भदौ पहिलो साता पनि पेट्रोलियम ढुवानी व्यवसायी महासंघले ६ बुँदे माग राखेर इन्धनको ढुवानीमा अवरोध गरेको थियो । तत्कालीन समयमा ढुवानी व्यवसायीले भैरहवा, थानकोट, अमलेखगञ्ज र विराटनगरस्थित निगमको प्रादेशिक डिपोबाट इन्धन आपूर्तिका लागि पिडिओ नबुझेर आपूर्ति प्रणालीमा अवरोध गरेका थिए । दुई दिन मात्रै पिडिओ नबुझ्दा त्यसबेला दुई करोड लिटर इन्धनको आपूर्ति भएको थिएन ।

**थप आन्दोलनका कार्यक्रम**

समितिले १० चैतदेखि भारतको रिफाइनरी केन्द्रहरूबाट एलपी ग्यासको लोड नलिने कार्यक्रम पनि घोषणा गरेका छन् । १४ गतेदेखि एलपी ग्यासको उद्योगले सम्पूर्ण नाकाबाट भन्सार छुटाउने कार्य बहिष्कार गर्ने, १६ चैतदेखि देशभरका पेट्रोलियम पदार्थ बोक्ने ट्यांकरले इन्धन बोक्ने पिडिओ बहिष्कार गर्ने र १७ गतेदेखि देशभरका ग्यास उद्योगले आफ्ना बिक्रेतालाई ग्यासको सिलिन्डर उपलब्ध नगराउने कार्यक्रम घोषणा गरेको छ ।

यसैगरी १८ चैतदेखि पेट्रोलियम ढुवानी गर्ने ट्यांकरहरूले लोड र अनलोड दुवै बन्द गर्ने र बिक्रेताले निगमको डिपोबाट इन्धन खरिद कार्य वहिष्कार गर्ने कार्यक्रम पनि घोषणा गरेको छ । यो अवधिमा निगमले माग पूरा गर्न चासो नदेखाए २० गतेदेखि देशभरका ग्यास उद्योग र बिक्रेताले खाना पकाउने सिलिन्डरको बिक्री वितरण ठप्प पार्ने र ढुवानी ट्यांकरले इन्धनको ढुवानी ठप्प पारी देशभरका पम्पले इन्धनको बिक्री बितरणमा रोक लगाउने कार्यक्रम पनि घोषणा गरिएको छ ।

# पानीको महत्व बुझाउन वक्तृत्वकला

■ सौर्य समाचार



काठमाडौं । विश्व पानी दिवसका अवसरमा खानेपानी मन्त्रालय र सोफेनले माध्यमिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिताको आयोजना गरेको छ । 'मानव जीवनमा पानीको महत्व' का विषयमा आयोजना गरिएको प्रतियोगितामा राजधानीको उत्तरपूर्वी भेगका एक दर्जन विद्यालयका छात्र छात्राले भाग लिएका थिए ।

गोकर्णेश्वर नगरपालिका–१ स्थित सुन्दरीजलमा रहेको मेलम्ची खानेपानी आयोजनाको पानी प्रशोधन केन्द्रमा गरिएको उक्त प्रतियोगितामा गोकर्णेश्वर महादेव अङ्ग्रेजी माध्यमिक विद्यालयकी अञ्जिला थापा पहिलो भए ।

इष्टपोल माध्यमिक विद्यालय जोरपाटीकी प्रियंशा कार्कीले दोस्रो र आनन्द भैरव माध्यमिक विद्यालय मूलपानीकी सदीक्षा खड्काले तेस्रो स्थान हासिल गरे । प्रतियोगितामा पहिलो हुनेलाई १० हजार, दोस्रो हुनेलाई सात हजार र तेस्रो हुनेलाई पाँच हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरियो ।

प्रतियोगितामा विजयी हुने विद्यार्थीलाई खानेपानीमन्त्री उमाकान्त चौधरीले पुरस्कार तथा प्रमाणपत्र वितरण गरे । उनले पानीका मुहान संरक्षण गर्न जनचेतना जगाउने अभियानमा विद्यार्थीको भूमिका महत्वपूर्ण हुने बताए ।

सबै सामुदायिक विद्यालयमा स्वच्छ खानेपानी उपलब्ध गराउन मन्त्रालयले आगामी आर्थिक वर्षमा विशेष कार्यक्रम ल्याउने तयारी गरिरहेको जानकारी पनि उनले दिए । मन्त्रालयका सचिव सुरेश आचार्यले घरायसी प्रयोग र औद्योगिक प्रयोगको पानी प्रशोधन नगरी विसर्जन गरिँदा पानीका मूल, नदी नाला प्रदूषित हुने गरेको बताए । उनले दिसाजन्य लेदो व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने धारणा पनि ब्यक्त गरे ।

बिपी संग्रहालय समितिका अध्यक्ष परशुराम पोखरेलले ५३ वर्ष अघिदेखि सुन्दरीजलको पानी काठमाडौं उपत्यकामा वितरणका लागि लगिएको उल्लेख गर्दै सुन्दरीजलवासीले नै अझै स्वच्छ खानेपानी नपाएको बताए ।


प्रदेश सरकार
प्रदेश नं. १
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला अस्पताल
खोटाङ

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०७८।१२।१०

प्रस्तुत विषयमा यस कार्यालयको तपशिलको मितिमा प्रकाशित सूचना अनुसार तपशिलको कार्यको लागि ईजीपी सिष्टम मार्फत दर्ता हुन आएका बोलपत्रहरु मूल्यांकन गर्दा तपशिलको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा १ बमोजिम छनोट गरिएकोले सोही ऐनको उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आशयको सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | सूचना प्रकाशित मिति | ठेक्का नं. तथा कामको विवरण | बोलपत्र छनोट गरिएको फर्मको नाम, ठेगाना | कबोल अंक भ्याट सहित रु. |
|---|---|---|---|---|
| १. | २०७८।१०।२६ | 02/NCB/DHKHOTANG/078-79, Procurement of Medical Oxygen Generating System | Moonrock International Pvt. Ltd., Kathmandu | १,११,८७,०००।- |

अस्पताल प्रमुख



**Kerabari Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Kerabari Morang**
**Provience 1, Nepal**

**Invitation for Bids for theConstruction Works.**

**Date of publication: 2078/12/10**

1. The Kerabari Rural Municipality, Office of the Rural Municipal Executive Kerabari Morang invites sealed quotations for the construction of Works mention below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kerabari Rural Municipality, Office of the Rural Municipal Executive Kerabari Morang. Tel:021-40310, Email:kerabariruralmun@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
3. A complete set of Bidding Documents may be purchased from EGP System i.e www.bolpatra.gov.npby eligible Bidders with necessary document and upon payment of a non-refundable fee of **Rs. 1000.00** before bid submission time and date through bank account,account number mention below.
   [Only electronic bid is allowed, "Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   Name of the Bank: NIC Asia Bank.Name of Office: Kerabari Rural Municipality
   **Office Account no.: 0562056501423002 (for Bid Document Fee)**
   **Office Account no.:0562056501423008 (for Bid Security for Cash Deposit)**
4. Sealed bids must be submitted to the office Kerabari Rural Municipality, Office of the Rural Municipal Executive Kerabari Morang through e-GP system i.ewww.bopatra.gov.np/egp]on or **before [12:00] PM on [25th Chaitra 2078 BS ].** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **[1:00] PM on [25th Chaitra 2078 BS ]**. at the office of Kerabari Rural Municipality, Office of the Rural Municipal Executive Kerabari Morang . Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum mention below, which shall be valid for 30 days beyond the validity period of the bid .i.e. **7th Asar 2079 B.S.**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Contract ID | Work Description | Estimated Amount Including VAT& PS | Bid Security |
|---|---|---|---|---|
| 1 | KRMC/MOR/W/SQ-16(078/079) | Construction of incomplete Urban Health Care Centre Building Kerabari RM 03 | NRs.1033542.48 | NRs.25,000 |

## छोटकरी

### 'निर्वाचनमा गठबन्धन आवश्यक'

मोरङ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य विजयकुमार गच्छदारले सरकारमा सहभागी दलबीच निर्वाचनमा गठबन्धन आवश्यक रहेको बताएका छन् ।विराटनगर विमानस्थलमा बुधबार सञ्चारकर्मीसँग कुरा गर्दै उनले गठबन्धनका कारण मुलुकमा राजनीतिक स्थायित्व, लोकतन्त्र र संविधानलाई सही दिशामा ल्याउन सफल भएको प्रष्ट पारे । पूर्वउपप्रधानमन्त्री गच्छदारले गठबन्धन सरकार बनाउन मात्र गरिएको होइन भन्दै यसका कारण संविधान र नागरिकले पाएको राजनीतिक उपलब्धि खोसिनबाट जोगाउन सफल भएको धारणा राखे ।

उनले वर्तमान गठबन्धन स्थानीय तहका साथै प्रदेश र संसद्को निर्वाचनसम्म जानुपर्ने धारणा राखे । पार्टीका पूर्वउपसभापति गच्छदारले गठबन्धनको कारण कांग्रेसको नेतृत्वमा वर्तमान सरकार निर्माण भएको चर्चा गर्दै गठबन्धनबाट धेरै स्थानीय तहले नयाँ नेतृत्व पाउने दाबी गरे । *(सौस)*

### 'निर्वाचनमुखी गठबन्धनले उपलब्धि दिन सक्दैन'

काठमाडौं । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं युवा नेता प्रदीप पौडेलले संविधान स्वीकार गर्ने दलहरूका बीचमा हुने निर्वाचनमुखी गठबन्धनले मात्रै देशलाई उपलब्धि दिन नसक्ने बताएका छन् । राजनीतिशास्त्री समाजद्वारा बुधबार काठमाडौंको पद्मकन्या क्याम्पसमा आयोजित 'नेपालको वर्तमान राजनीतिक परिस्थितिमा दलीय गठबन्धनको औचित्य' विषयक अन्तरक्रिया कार्यक्रममा उनले निर्वाचनमुखी गठबन्धनले मात्रै देशलाई उपलब्धि दिन नसक्ने बताएका हुन् ।

'निर्वाचनमुखी गठबन्धनले चुनाव जिताउन मात्रै काम गर्छ । यसले देशलाई उपलब्धि दिन सक्दैन', उनले भने, 'जनताको जीविकोपार्जनसम्बन्धी साझा एजेन्डा निर्माण गर्ने गठबन्धन मुलुकका लागि आवश्यक छ ।' लोकतान्त्रिक विचार, समाजवाद प्राप्ति र जनताका साझा एजेन्डा निर्माण गर्ने गठबन्धन अहिलेको आवश्यकता भएको उनको भनाइ छ । *(सौस)*

### हतियार बुझाउन जुम्ला प्रशासनको निर्देशन

खलंगा । इजाजत प्राप्त हातहतियार बुझाउन जिल्ला प्रशासन कार्यालय जुम्लाले निर्देशन दिएको छ । आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न इजाजत प्राप्त सबै हतियार बुझाउन प्रशासनले निर्देशन दिएको हो ।

कोही-कसैले विनाइजाजतका भरुवा तथा एअर गन राखेको भए आगामी २२ चैतभित्र स्वतःस्फुर्त रूपमा नजिकको प्रहरी कार्यालयमा बुझाउन प्रशासनले सूचित गरेको छ । निर्धारित समयभित्र नबुझाई अटेर गरेको पाइएमा त्यस्ता व्यक्तिको हातहतियार खोजतलास गरी कानुनबमोजिम कारबाही गरिने प्रशासनले जनाएको छ । *(सौस)*

# एकीकृत बस्ती विकास कार्यविधि सच्याउन माग

■ सौर्य समाचार



जाजरकोट । एकीकृत बस्ती विकास कार्यक्रमका घर पाखा र डाँडामा निर्माण गर्नुपर्ने भएपछि जाजरकोटका जनप्रतिनिधिले कर्णाली प्रदेश सरकारसँग कार्यविधि सच्याउन माग गरेका छन् । पहाडको डाँडाहरूमा जग्गा जमिन भएकै ठाउँमा घर निर्माण गर्नुपर्ने भएपछि कार्यविधिमा भने अनुसारको एकै ठाउँमा सँगै घर निर्माण गर्न नसकिने स्थानीय तहका प्रमुखहरूको भनाइ छ ।

बारेकोट-४ मा ६० घर र जुनिचाँदे-७ मा ४० घर निर्माण गर्नका लागि कर्णाली प्रदेश सरकारले बजेट स्थानीय तहलाई पठाएको थियो । स्थानीय तहले सो कार्यविधिअनुसार घर निर्माण गर्न नसकिने जनाउँदै प्रदेश सरकारसँग पटकपटक ध्यानाकर्षण गराउँदै आएका थिए ।

कार्यविधिमा सबै घर एकै ठाउँमा निर्माण गर्ने भनिएपछि स्थानीयवासीहरूले सो कार्यविधिअनुसार घर निर्माण गर्न नसकिने बताउँदै आएका छन् । खेतीपाती गरिरहेको ठाउँ नजिकै घर निर्माण गर्न पाउनुपर्ने सर्वसाधारणको भनाइ छ ।

पशुचौपायले निकालिएको मलहरू सजिलै खेतबारीमा लैजान सकिने ठाउँमा नै घर बनाउन पाउनुपर्ने स्थानीयवासीको माग रहेको जुनिचाँदे गाउँपालिकाकी कावाध्यक्ष शिवा आचार्यले जानकारी दिइन् ।

सबै एकै ठाउँमा घर निर्माण गर्नका लागि जमिनसमेत नभएको हुँदा स्थानीयवासीले पायक पर्ने ठाउँमा घर निर्माण भएमा मात्र त्यो वस्तुनिष्ठ हुने बारेकोट गाउँपालिकाका अध्यक्ष महेन्द्रबहादुर शाहले बताए । जिल्ला समन्वय समितिका प्रमुख मनबहादुर रावलले पैसा पनि दिने तर कार्यविधि समस्यामूलक पठाएर काम नगर भन्न खोजेको जस्तो भएको बताए । दुई वर्षअघि बाढीपहिराले घर भत्काएर त्रिपालमुनि बसिरहेका सर्वसाधारणलाई छिटो घर निर्माण गर्नुपर्ने भए पनि कार्यविधिमाथिको झन्झटले गर्दा अझै घर निर्माणको काम हुन सकेको छैन ।

बर्सेनि बजेट कर्णाली प्रदेश सरकारले पठाए पनि सबै घर एकै ठाउँमा बनाउनुपर्ने भन्ने कार्यविधिका कारण काम नसकेको हो । सबै घर एकै ठाउँमा बनाउनका लागि जमिन पनि नहुनु र सर्वसाधारणलाई आफ्नो जग्गा जमिन भएको ठाउँमा जान अनि आउनसमेत समस्या हुने भएकाले त्यो कार्य अगाडि बढ्न नसकेको हो । मंगलबार मात्र जाजरकोटका जनप्रतिनिधिसहित कर्णालीका मुख्यमन्त्री जीवनबहादुर शाही, जलस्रोत तथा ऊर्जा विकासमन्त्री गणेशप्रसाद सिंहको सहभागितामा घर निर्माण गर्दा जनतालाई समस्या पर्न नदिने गरी काम गर्ने व्यवस्थापन हुने सहमति भएको छ । त्यो सहमतिअनुसार एकै ठाउँमा सात वटासम्म घर निर्माण गर्न दिने सहमति भएको जलस्रोत तथा ऊर्जा विकासमन्त्री सिंहले बताए ।

आव ०६६/७७ मा २ करोड ७० लाख, आव ७७/७८ मा एक करोड र चालु आव ०७८/७९ मा दुई करोड बजेट एकीकृत बस्ती विकास कार्यक्रमका लागि जुनिचाँदे गाउँपालिकामा बजेट गएको छ ।

त्यस्तै बारेकोट गाउँपालिकामा पाँच करोड बजेट पठाएको छ । पीडा र दुःखमा रहेका जनताले महसुस गर्ने गरी विकास गर्न खोजेको भए पनि काम गर्दा ढिलो हुनुलाई अन्यथा नमानी जनतासँग सहकार्य गरेर अगाडि बढ्न मन्त्री सिंहले उल्लेख गरे । जाजरकोटका सहायक प्रमुख जिल्ला अधिकरी झलक केसीले तत्काल कार्यविधि सच्याएर जनताको काम गर्न आग्रह गरे । पैसा पनि पठाएको छ तर हातखुट्टा बाँधेर गएको पैसाले जनतालाई काम गर्न मुस्किल भएको उनले बताए ।

कार्यविधि सच्याउनका लागि आफू सकारात्मक रहेको मुख्यमन्त्री शाहीले कम्तीमा सात वटासम्म घर एकै ठाउँमा निर्माण गर्ने अवस्था सिर्जना हुने जानकारी दिए ।

# बागमती प्रदेशमा फैलिँदै बर्डफ्लु



■ सौर्य समाचार

बागमती । बागमती प्रदेश कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार प्रदेशका ६ जिल्लामा बर्डफ्लु फैलिएको छ । हालसम्म काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर र सिन्धुपाल्चोक जिल्लामा बर्डफ्लु देखिएको मन्त्रालयका सचिव डा.शरणकुमार पाण्डेले जानकारी दिए । उनका अनुसार बर्डफ्लुका कारण हालसम्म करिब तीन करोडभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ ।

प्रदेशमा १६ माघदेखि हालसम्ममा संक्रमण विभिन्न जिल्लामा फैलिरहेको छ । बर्डफ्लु देखिएका स्थानमा हालसम्म ५८ हजार २ सय ६१ पक्षी, २२ हजार ३४ वटा अण्डा र ११ हजार ४ सय ३९ केजी दाना सुरक्षित तरिकाले नष्ट गरिएको पनि सचिव पाण्डेले बताए । संक्रमण देखिएका स्थानमा पूर्णरूपमा निःसंक्रमणका कार्य गरिएको र अन्यत्र फैलन नदिन नमुना संकलन र निगरानी भइरहेकोसमेत मन्त्रालयका सचिव पाण्डेले जानकारी दिए ।

बर्डफ्लुका कारण काठमाडौंमा १९ हजार ५ सय ६ वटा पक्षी, ५ हजार ६ सय ५२ वटा अण्डा र ४ हजार १ सय ८ किलो दाना नष्ट गरिएको छ । त्यस्तै चितवनमा ९ हजार ६ सय ७० पक्षी, २ हजार ३ सय ८६ वटा अण्डा, १ हजार ५ सय किलो दाना, भक्तपुरमा २४ हजार ३ सय १९ वटा पक्षी, १३ हजार ९० वटा अण्डा, २ हजार ९ सय किलो दाना, मकवानपुरमा ३ सय १६ वटा पक्षी, १६ वटा अण्डा, ८२ किलो दाना, ललितपुरमा २ हजार २ सय ६२ वटा पक्षी, नौ सय किलो दाना र सिन्धुपाल्चोकमा २ हजार १८ वटा पक्षी र १ हजार ९ सय ५० किलो दाना नष्ट गरिएको छ ।

६ जिल्लामा बर्डफ्लुका ५७ हजार १ सय १४ वटा विभिन्न जातका कुखुरा नष्ट गरिएको कृषि तथा पशुपक्षी मन्त्रालयका सचिव पाण्डेले उल्लेख गरे । उनले क्षति बेहोरेका कृषकलाई संघीय र स्थानीय सरकारसँगको सहकार्यमा क्षतिपूर्ति दिने तयारी भइरहेको बताए । संघीय सरकारले तोकेको मापदण्ड र नीतिअनुसार क्षति बेहोरेका कृषकलाई राहतस्वरूप क्षतिपूर्ति दिने सरकारको योजना रहेको उनले जानकारी दिए । मन्त्रालयले बर्डफ्लुको समयमै निदान र नियन्त्रणका लागि विभिन्न पहल गरिरहेको उनको भनाइ छ । प्रदेशका अन्य जिल्लामा बर्डफ्लु रोग फैलन नदिन परीक्षणको दायरालाई फराकिलो बनाइएको उनले बताए । एक क्षेत्रबाट अर्को क्षेत्रमा संक्रमण फैलन नदिन नमुना संकलन, परीक्षण र निगरानी बढाइएको उनले बताए ।

# मजुवाका घरघरमा धारा जडान

■ सुजन काफले

दोलखा । शैलुङ गाउँपालिका-४ मजुवाका घरघरमा धारा जडान गरिएको छ । घरघरमै धारा पाएपछि ४६ घरपरिवारले पानीकै लागि बिहान बेलुकै गाग्रो बोकेर टाढा जानुपर्ने बाध्यता अन्त्य भएको छ । घरघरमा मिटर सहितको धारा पाएपछि स्थानीयहरू खुसी भएका छन् । पानीकै लागि घण्टौं लगाएर हिँड्नुपर्ने अवस्थाको अन्त्य भएको स्थानीय लक्ष्मी नेपालले बताइन् ।

स्वच्छ खानेपानी सहितको बालमैत्री सुविधा सम्पन्न धारो पाएपछि आफूहरू खुसी भएको उनको भनाइ छ । धारो नजिक मिटर पनि जडान गरिएको र जति पानी जति खर्च गऱ्यो त्यति पैसा मिटरमा उठ्ने र त्यही अनुसारको रकम आफूहरूले तिर्नुपर्ने स्थानीय बिमला ठकुरीले बताइन् । मजुवा निगाले खानेपानी तथा सरसफाइ आयोजनामार्फत ती गाउँमा खानेपानी सञ्चालन गरिएको सामुदायिक विकास मञ्चका अध्यक्ष राजु थापाले बताए ।

गाउँपालिकाले सुरुदेखि नै हरेक घरमा धारा बनाउने नीतिअनुसार सबै योजना यही मोडेलमा बन्ने शैलुङ गाउँपालिका अध्यक्ष भरत दुलालले बताए । हरेक घरघरमा स्वस्थ खानेपानी पुऱ्याउनका लागि सहयोगी संस्थाको लगानी पनि महत्वपूर्ण हुने अध्यक्ष दुलालको भनाइ छ । हरेक घरमा पानी प्रयोगवापत मिटर जडान गरे तापनि यसको दिगो सञ्चालनका लागि योजना बनिरहेको दुलालले बताए ।



नियमित मर्मत सम्भारकालागिउपभोक्ताबाट समेत नियमित शुल्क लिने उपभोक्ता समितिले जनाएको छ । निगाले मजुवा धारा खानेपानी आयोजनाबाट ४८ धारा निर्माण गरिएको छ । यसबाट १ सय ५८ जना लाभान्वित भएका छन् । वाटरहेड नेपालको ३६ लाख २ हजार ७ सय १५, शैलुङ गाउँपालिकाको ५ लाख ८० हजार २ सय ७९, र उपभोक्ता जनश्रमदानबाट ६ लाख ९४ हजार १ सय ९ गरेर ४८ लाख ७७ हजार १ सय ३ रुपैयाँमा यो आयोजना सम्पन्न भएको खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष कृष्णप्रसाद ढुंगेलले बताए । आयोजनामा स्पृङ इन्टेक एक, इन्ट्रान्स गेट ६, वायर मेष फेन्सिङ दुई, इन्टर प्सन च्याम्बर एक, पानी ट्यांकी दुई, लगायतका संरचना निर्माण गरिएको छ । खानेपानी आयोजना हस्तान्तरण कार्यक्रममा विभिन्न व्यक्तिहरूलाई खादा ओडाएर सम्मानसमेत गरिएको थियो ।

# 'जिम्मेवारी बहन गर्न संगठन तयार छ'

■ सौर्य समाचार



दीपायल । प्रधानसेनापति प्रभुराम शर्माले नेपाली सेनाको सांगठनिक संरचना परिवर्तन भए पनि मूल नीति, मर्म, क्षमता, भूमिका र सैनिक क्रियाकलापमा भने फरकपन नरहेको बताएका छन् ।

यहाँस्थित ५ नं वाहिनी राजपुर ब्यारेकमा बुधबार आयोजित भूतपूर्व सैनिक सम्मेलनको उद्घाटन गर्दै उनले नेपालको स्वाधीनता र नेपाली जनताको सुरक्षामा सेनाले दत्तचित्त भएर काम गर्दै आएको स्पष्ट पारे । सेनाले अघिल्लो वर्षदेखि पृतना संरचनालाई परिवर्तन गरी कमान्ड अवधारणालाई अघि बढाएको थियो ।

प्रधानसेनापति शर्माले भने, 'संविधानले दिएको जिम्मेवारी बहन गर्न संगठन तयार छ । सेनाले भूपूलाई माटो र समाज सुहाउँदो क्रियाकलाप गर्न कल्याणकारी कोषमार्फत सक्दो सहयोग प्रदान गर्दै आएको छ । तपाईंहरूले ज्ञान र सीप स्वदेशमा नै उपयोग गर्नूस् ।'

प्रत्येक सेनापतिले आफ्नो तीन वर्षे कार्यकालमा कम्तीमा एकपटक प्रदेशस्तरमा भूपू सम्मेलन र स्वास्थ्य शिविर एकैसाथ गर्ने अभ्यास रहिआएको छ । नेपाली सेनाको व्यवस्थापन र सैनिक कल्याणकारी बोर्डको समन्वयमा भएको सम्मेलनमा भूपूसैनिक, एकल महिला तथा आश्रित परिवारलाई स्वास्थ्य सेवा एवं लघुवित्त कार्यक्रमका ऋणीलाई सहुलियत ब्याजदरमा उपलब्ध गराइने रकमको चेक तथा उत्कृष्ट व्यवसायीलाई नगद पुरस्कार प्रदान गरियो ।

सम्मेलनमा ज्येष्ठ भूपूसैनिक तथा एकल महिलाको सम्मान तथा अशक्तलाई ह्विलचियर उपलब्ध गराइयो । चार जना वा सोभन्दा माथि सन्ततिलाई सेनामा सेवा गर्न प्रेरित गर्ने बाबुआमालाई पनि सम्मेलनमा सम्मान गरियो । सम्मेलनलाई भूपूसैनिकले आफ्ना सहपाठीसँगको भेटघाट, औषधिमूलोका हिसाबले अभूतपूर्व जमघटका रूपमा लिने गरेका छन् । मुलुकको प्रमुख सुरक्षा अंग नेपाली सेनामा जीवनको महत्वपूर्ण क्षण बिताएका भूपूसैनिक र निवृत्तिभरणमा रहेका आश्रित एकल महिलाको संख्या करिब ८५ हजार छ । सम्मेलनका क्रममा प्रस्तुत भएको यस क्षेत्रका संस्कृति झल्कने नाचगानसहितको झाँकी हेरेर भूपूसैनिक र उनका परिवार फुरुंग देखिन्थे । भूपूसैनिकको जीवनस्तरमा सुधार ल्याउन सेनाले सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराई व्यवसाय सञ्चालन प्रवर्द्धनमा सहयोग पुऱ्याउँदै आएको छ ।

सैनिक कल्याणकारी बोर्डका प्रमुख कार्यकारी अधिकृत गौरव तण्डुलले भूपूसैनिक र आश्रित परिवारका पीरमर्का सुन्ने, रायसुझाव लिने र विशेषज्ञसहितको स्वास्थ्य सेवा घरदैलोबाट नै दिने उद्देश्यले हिताधिकारीलाई लक्षित गरी सम्मेलन आयोजना गरिएको स्पष्ट पारे । 'बहुजन हिताय, बहुजन सुखाय' उद्देश्य राखी स्थापना भएको सैनिक कल्याणकारी कोषले करिब १० लाखको संख्यामा रहेका आफ्ना सदस्यलाई स्वास्थ्य, शिक्षा, सीप र स्वरोजगार तथा सुविधा र सहुलियतका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर कार्यान्वयन गर्दै आएको छ । सम्मेलनमा दार्चुला, बझाङ, बाजुरा, डोटी, डडेलधुरा, अछाम र वैतडीमा स्थायी बसोवास भएका करिब ५ सय ५० भूपूसैनिकको सहभागिता थियो ।

# फिस्टुला रोगको उपचार निःशुल्क




■ सौर्य समाचार

चितवन । बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले प्रसव फिस्टुला रोग पहिचान र उपचार निःशुल्क सुरु गरेको छ । मन्त्रालयले यसका लागि काठमाडौंमा रहेको मोडल अस्पतालसँग सहकार्य गरेको छ ।

यस रोगको पहिचानसँगै उपचारसम्बन्धी कार्यविधि निर्माण गरी मुख्यमन्त्री कार्यालयमा पेस गरेको छ । बिरामीले निःशुल्क उपचार पाउन थालेका छन् भने कार्यविधिमा कुरुवाका लागि निःशुल्क सेवा दिनका लागि मुख्यमन्त्री कार्यालयमा पेस गरिएको मन्त्रालयका सचिव बद्रीबहादुर खड्काले जानकारी दिए । उनका अनुसार प्रसूति हुने समयमा लामो व्यथा लाग्नु वा सामान्य सुत्केरी हुन नसक्ने अवस्थामा बल परेर पिसाब थैली वा मलाशयमा दबाब परेर प्वाल पर्ने हुन्छ । समयमा उपचार भएन भने पिसाब वा दिसा निरन्तर आइरहने समस्या हुनेलाई प्रसव फिस्टुला रोग भन्ने गरिन्छ ।

यो रोग भएका बिरामीहरूको दुर्गन्ध आउने भएकाले समाजमा लुकेर बस्ने गर्दछन् । लुकेर बसेका बिरामीहरूलाई ल्याएर शून्यमा झार्ने लक्ष्यका साथ प्रदेश सरकारले यो कार्यक्रम सञ्चालनमा ल्याएको विज्ञ रमेश अधिकारीले जानकारी दिए । कार्यक्रम सुरु हुँदै गर्दा मन्त्रालयले यस रोगका बारेमा जानकारी गराउन बुधबार भरतपुरमा एकदिने अभिमुखीकरण कार्यक्रम गरेको छ ।

जिल्लामा रहेका सात पालिकामा स्वास्थ्य शाखाप्रमुखहरू एवं प्रतिनिधिसँग गरिएको अभिमुखीकरण कार्यक्रममा मोडल अस्पतालकी प्रसूति रोग विशेषज्ञ डा.रञ्जना श्रेष्ठले रोगका बारेमा जानकारी दिएका थिए । रोग लागिसकेपछि यसको निराकरण कसरी गर्ने भन्ने विषयमा कार्यपत्र प्रस्तुत गर्दै उनले यो रोगको समाधान शल्यक्रियाबाट मात्रै हुन सक्ने बताए । अभिमुखीकरण कार्यक्रममा बागमती प्रदेश स्वास्थ्य मन्त्रालय योजना शाखाका दीपक तिवारी, दुर्गा चापागाईं लगायतले बोलेका थिए ।

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# विवादमा निर्वाचन आयोग

वहालवाला जनप्रतिनिधिले स्थानीय तहमा पुनः उम्मेदवार बन्नुअघि राजीनामा दिनुपर्ने निर्वाचन आयोगको निर्णय विवादमा परेको छ । निर्वाचन आयोगले आचार संहितामा समावेश गरेको यो प्रावधानविरुद्ध सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । उक्त रिट निवेदनको प्रारम्भिक सुनुवाई गर्दै सर्वोच्च अदालतले यो निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । यस विषयमा छलफलका लागि सर्वोच्चले रिट निवेदक र निर्वाचन आयोग दुबै पक्षलाई १३ चैतका लागि छलफलमा बोलाएको छ । पदमा रहेकै व्यक्ति पुनः निर्वाचनमा उम्मेदवार बन्दा स्रोत र साधनको दुरुपयोग हुन सक्ने भन्दै आयोगले पुनः निर्वाचनमा उम्मेदवार बन्दा राजीनामा दिएर मात्रै उम्मेदवार बन्न पाउने गरी निर्वाचन आचारसंहिता २०७८ जारी गरेको थियो ।

स्थानीयतहका जनप्रतिनिधिको विकल्पमा कसले काम सञ्चालन गर्ने ? भन्ने संवैधानिक तथा कानुनी व्यवस्था नभएका कारण नवनिर्वाचित जनप्रतिनिधिले काम नसम्हालेसम्म साविककै जनप्रतिनिधिले काम गर्नुपर्ने जिकिर रिट निवेदकको छ । रिट निवेदक शेर्पा सत्ताको नेतृत्व गरिरहेको पार्टी नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधिसमेत हुन् । मुलकमा तीन तहको सरकारको परिकल्पना गरिएकोमा संघीय तह र प्रदेश तहका सरकारमा रहनेहरूले चुनावमा उम्मेदवार हुनका लागि पदबाट राजीनामा दिनुनपर्ने, तर स्थानीय तहको सरकारमा रहनेहरूले पदबाट राजीनामा दिनुपर्ने किन ? भन्ने प्रश्न पनि रिट निवेदनमा उल्लेख गरिएको छ । संघीय सरकार र प्रदेश सरकारमा रहेर चुनावमा उम्मेदवार बन्नेहरूले राज्यको स्रोत साधन दुरुपयोग नगर्ने तर स्थानीय सरकारमा रहेर चुनाव लड्नेहरूले मात्रै स्रोत र साधनको दुरुपयोग गर्ने अनुमान निर्वाचन आयोगले केका आधारमा गरेको हो ? भन्ने प्रश्न पनि रिट निवेदनमा उल्लेख गरिएको छ ।

स्थानीय तहको निर्वाचनलाई सकेसम्म निष्पक्ष र पारदर्शी बनाउन निर्वाचन आयोगले बहालवाला जनप्रतिनिधिलाई पदबाट राजीनामा दिएर मात्रै उम्मेदवार बन्न पाउने प्रावधान राखेको हो । निर्वाचन आयागको नियतमाथि शंका गर्नुपर्ने ठाउँ छैन । जनताबाट प्रत्यक्ष निर्वाचित हुने पदहरूमा यस्तो अभ्यास नेपालमै पनि हुँदै आएको छ । प्रदेशसभा र प्रतिनिधिसभा सदस्यका हकमा पनि यो प्रावधान लागू हुँदै आएको छ । सभामुख र उपसभामुखका हकमा पनि यो प्रवधान लागु हुँदै आएको छ । तर स्थानीय तहका प्रतिनिधिका सन्दर्भमा भने कानुन र संविधान मौन देखिएको छ । संघीय र प्रदेश सरकार जनताबाट प्रत्यक्ष निर्वाचित नहुने भएका कारण यी सरकारमा रहनेहरूले सांसद पदमा चुनाव लड्दा पदबाट राजीनामा दिनु पर्दैन । रिट निवेदकले उठाएका केही प्रश्नहरू भने निकै गम्भीर छन् । उदाहरणका लागि उम्मेदवारको मनोनयनपत्र दाखिला भएदेखि मतगणनाको परिणाम नआउँदासम्मको अवधि कम्तिमा १७ दिनदेखि एक महिनासम्मको हुन्छ । यो अवधिमा स्थानीय तहमा भैपरी आउने काम कसले गर्ने ? भन्ने प्रश्न कम जटिल छैन । उदाहरणका लागि नागरिकता प्रमाणपत्र प्राप्त गर्न दिइएको आवेदन फारम वडाध्यक्षले प्रमाणित गर्नुपर्ने कानुनी व्यवस्था छ । वडाध्यक्षको विकल्पमा कसले प्रमाणित गर्ने ? भन्ने व्यवस्था कानुनमा छैन । यो अवधिमा कसैले पनि नागरिकता प्रमाणपत्र नपाउने त ? भन्ने प्रश्न निकै पेचिलो छ । यस्ता पेचिला प्रश्नहरू धेरै छन् । जसरी प्रधानमन्त्री, मुख्यमन्त्री तथा मन्त्रीहरूले प्रतिनिधिसभा या प्रदेशसभाको उम्मेदवार बन्दा पद तथा राज्यको स्रोत साधनको दुरुपयोग नगरुन् भनेर जे जस्ता प्रावधानहरू राखिएको छ, त्यस्तै प्रावधान स्थानीय तहका जनप्रतिनिधिहरूको हकमा पनि राख्न नसकिने होइन । यसैगरी उम्मेदवार मनोनयनदेखि मतदान हुने दिनसम्मको अवधि निकै लामो भएकोले पनि समस्या देखिएको छ । ०४७ सालको संविधान अनुसारको स्थानीय निर्वाचन हुँदा मनोनयनपत्र दाखिला र मतदानको अवधि एक साताभन्दा कम हुन्थ्यो । वडाहरू ससाना थिए, गाविसहरू पनि ससाना थिए । पाँच दिनको समयले काफी हुन्थ्यो । तर, अहिले तत्कालीन गाविसहरू वडा बनेका छन् । नगरपालिकाहरू प्रतिनिधिसभा निर्वाचन क्षेत्रभन्दा पनि निकै ठूला छन् । प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा सरदर एक/डेढ लाख जनसंख्या छ भने काठमाडौं महानगरपालिकाको मात्रै जनसंख्या १० लाखमाथि छ । त्यसैले प्रचारप्रसारको अवधि दुई साता राखिनु अस्वभाविक होइन । यसपटक त जे भयो भयो, तर यो अप्ठेरोबाट पाठ सिक्दै आगामी दिनमा संवैधानिक तथा कानुनी रूपमै वैकल्पिक व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

## मननीय



### प्रेम

बिनिव्यिहोरामा प्रेम अनुभव गरिन्छ, शब्दमा होइन ।

*-जेरोम कमिङ्स*

प्रेम र नदि एउटै हुन् । बाटोमा अवरोध भएका दुबैले नयाँ बाटो पहिल्याउँछन् ।

*-क्रिस्टन मिडल*

प्रेमलाई धेरै समय लुकाउन सकिदैन र नभएको ठाउँमा पैदा गर्नपनि सकिदैन ।

*-ला रोचफोकन्ड*

परिभाषा दिने झन्झटमा प्रेम पर्न चहाँदैन, न त परिभाषित गर्ने हतारमा हुन्छ ।

*-चार्ल्स दि बोस*

प्रेम गर्नु समय बर्बाद गर्नु होइन ।

*-एसट्रिड एलुवा*

प्रेम विष्फोटक सिगार हो । जानीजानी हामी यसलाई खाइरहेका हुन्छौं ।

*-लिन्डा बेरी*

प्रेम दुईजनाले खेल्न मिल्ने र दुबै विजयी हुने खेल हो ।

*-इभा गाबर*

पागलपन नभएको प्रेम प्रेम नै होइन ।

*-पेड्रो काल्डरन ला बारसा*

# एमालेको आक्रोश अब निर्वाचन आयोगविरुद्ध



बिन्दुकान्त घिमिरे

**एमालेले स्थानीय तहलाई भ्रष्टाचारको ठूलो अखडा बनाएको पुष्टि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रतिवेदनले समेत गरेको छ । स्थानीय तहका जनिप्रतिनिधिविरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा करिब दुई हजार उजुरी परेका छन् । जसमध्ये ८० प्रतिशत उजुरी एमालेको टिकटबाट निर्वाचित जनप्रतिनिधिहरूविरूद्ध मात्रै परेका छन् । भ्रष्टाचारका कारण आफ्नो पार्टी एमाले स्थानीय तहमा दुर्नाम भइसकेको एमाले अध्यक्ष ओलीले थाहा पाइसक्नुभएको छ । अर्कोतिर एमाले बलियो भएका पालिकामा कांग्रेस, एमाले र मधेसीदलबीच गठबन्धन हुने भएको छ**

स्थानीय तहको आसन्न निर्वाचन निष्पक्ष हुने कुरामा प्रमुख प्रतिपक्षीदल नेकपा एमालेले आपत्ति जनाएको छ । नेकपा एमालेको आपत्ति चार वटा कुरामा छ । मतपत्रका चुनाव चिन्हहरू हरियो रंगको राखिने कुरामा एमालेले आपत्ति जनाएको छ । उम्मेदवारको मननोयन दर्ता गर्ने अवधि दुई दिन राखिएकोमा पनि एमालेले आपत्ति जनाएको छ । स्थानीय तहका पदाधिकारी फेरि उम्मेदवार बन्नु परे पदबाट राजीनामा दिनुपर्ने प्रावधानप्रति पनि एमालेले आपत्ति जनाएको छ । यसैगरी राज्यकोषबाट लिएको रकम फरफारक नगरेका व्यक्तिहरू उम्मेदवार बन्न नपाउने प्रावधानलाई पनि एमालेले आपत्ति प्रकट गरेको छ । यी प्रावधानहरू आफ्नो पार्टीविरुद्ध ल्याइएको एमालेको आरोप छ ।

प्रमुख प्रतिपक्षीको हैसियतमा रहेको मुलुकको सबैभन्दा ठूलो पार्टीले निर्वाचनको निष्पक्षतामाथि प्रश्न उठाउनु भनेको सामान्य कुरा होइन । तर, एमालेले उठाएका प्रश्नहरू नाजायज भएको निर्वाचन आयोगले बताइरहेको छ । एमालेले किन नाजायज प्रश्न उठाइरहेको छ ? आफैं सरकारमा हुँदा नियुक्त गरिएका आयोगका पदाधिकारीमाथि एमालेले साँच्चै अविश्वास गरेको हो कि ? चुनाव हार्ने पूर्व संकेत पाएर एमालेले निर्वाचनको निष्पक्षतामाथि प्रश्न उठाएको हो ? भन्ने प्रश्न निकै पेचिलो बनेको छ । हुन त एमाले अध्यक्ष ओलीले विगत दुई वर्षदेखि लोकतन्त्रविरुद्ध शंकास्पद गतिविधि गर्दै आउनुभएको छ । लोकतन्त्र मासेर प्रतिगमन निम्त्याउने डिजाइनमा एमाले अध्यक्ष ओली लागिपरेको शंका गरिँदै आएको छ । एमाले अध्यक्ष ओलीका कुन कुन गतिविधिहरू लोकतन्त्र मास्न उद्यत छन् त ? भन्ने बहस यतिबेला मुलुकको बौद्धिक क्षेत्रमा समेत हुन थालेको छ ।

पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई नेपालको राजनीतिमा गाली मास्टरका रूपमा लिने गरिएको छ । चार वर्षअघि प्रधानमन्त्री हुने बित्तिकै ओलीको गालीको निशाना तत्कालीन प्रमुख प्रतिपक्षीदल नेपाली कांग्रेस हुने गरेको थियो । कांग्रेस नमासिएसम्म नेपालको भविष्य सुरक्षित नहुने कुरा त्यतिबेलासम्म ओलीको मुखमै झुण्डिने गरेको थियो । यतिसम्मकी संसदीय परम्परा र बहुदलीय व्यवस्थाको मान्यता विपरीत तत्कालीन प्रतिपक्षी नेपाली कांग्रेसले ओली सरकारले ल्याएको नीति तथा कार्यक्रमका पक्षमा मतदान गऱ्यो । तर कांग्रेसको यो सदासयतालाई प्रधानमन्त्री ओलीले हुति नभएको पार्टीको संज्ञा दिनुभयो ।

तर ओलीको गालीविरुद्ध कांग्रेसले कुनै प्रतिक्रिया दिएन । आफ्नो गालीविरुद्ध कांग्रेसले प्रतिक्रिया नदिएपछि प्रधानमन्त्री ओली आफ्नै पार्टीका नेताहरू पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपालतिर गाली सोझ्याउन थाल्नुभयो । कम्युनिस्ट संस्कार तथा चरित्रअनुसार प्रचण्ड र माधव नेपालले पनि ओलीको गालीविरुद्ध मज्जाले प्रतिक्रिया दिन थाल्नुभयो । दोहोरो गाली अभियान बढ्दै जाँदा ओली सरकार ढल्ने अवस्था उत्पन्न भयो । आफ्नो सरकार ढल्ने स्थिति बनेपछि ओलीले संसद् नै विघटन गरिदिनुभयो । संविधान विपरीत संसद् विघटन गरिएको भन्दै सर्वोच्च अदालतले पुनर्वहाली गरिदिएपछि ओलीको गाली न्यायाधीशविरुद्ध खनिन थाल्यो । प्रधानन्यायाधीश चोलेन्द्रशमशेरविरुद्ध सत्तागठबन्धनमा आवद्ध पार्टीहरूले महाअभियोगको प्रस्ताव दर्ता गरेको दिनदेखि ओलीले सर्वोच्च अदालतलाई गाली गर्न छाड्नुभयो । त्यसपछि उहाँको गाली सभामुख अग्निप्रसाद सापकोटा र माधव नेपालविरुद्ध मात्रै केन्द्रित भयो । स्थानीय तह निर्वाचनको सरगर्मी बढेपछि अब ओलीको गाली निर्वाचन आयोगतिर केन्द्रित हुन थालेको छ ।

एमाले मुलुकको सबैभन्दा ठूलो र सबैभन्दा बलियो जनाधार भएको पार्टी हो भन्ने दावी ओलीको छ, तर निर्वाचन आयोग जस्तो निरीह अंगमाथि ओलीको प्रहार केन्द्रित छ । के निर्वाचन आयोगले गरेका कतिपय निर्णयहरू एमालेविरुद्ध छन् त ? भन्ने जिज्ञासा सर्वत्र उत्पन्न भएको छ । निर्वाचन आयोगले अघिल्लो निर्वाचनमा सेतो मतपत्रमा निलो रंगका चुनाव चिन्हहरू छाप्ने गरेको थियो । यसपटक सेतो मतपत्रमा हरियो रंगका निर्वाचन चिन्ह छाप्ने निर्णय गरेको छ । आयोगको यो निर्णयप्रति एमाले अध्यक्ष ओलीको आपत्ति छ ।

गत सोमबार पार्टीको पोलिटब्युरो बैठकमा एमाले अध्यक्ष ओलीले चुनाव चिह्न, मनोनयन दर्ताको समय र स्थानीय तहका पदाधिकारी उम्मेदवार बन्नुपरे राजीनामा दिनुपर्ने, बेरुजु फरफारक नभएका व्यक्ति उम्मेदवार बन्न नपाउनेलगायत आचारसंहितालाई लिएर आयोगप्रति असन्तुष्टि जनाउनुभयो । निर्वाचन चिह्न हरियो रङ राख्ने आयोगको निर्णयप्रति ओलीको सबैभन्दा धेरै आक्रोश थियो । सत्तासँग साँठगाँठ गरेर आयोगले हरियो रङ प्रयोग गर्न खोजेको ओलीको आरोप छ । उहाँको भनाइ छ, 'सूर्य कसरी हरियो हुन्छ ? कि त सांकेतिक रूपमा 'ब्ल्याक एन्ड ह्वाइट'मा जानुपऱ्यो । कि, जसको जुन चिह्न हो त्यही रङ दिनुपऱ्यो, हामीलाई रातो सूर्य देऊ न ! हामीलाई रातो सूर्य नहुने, सबै एउटै गर्नुपर्ने रे, एउटै गर्दा रूखको रङ राख्नुपर्ने ? यो सत्ता साँठगाँठ होइन ? यो बदल्न निर्वाचन आयोग किन तयार छैन ?'

ओलीले गत आइतबार पनि इलामको फिक्कलमा आयोजित सभालाई सम्बोधन गर्दै कांग्रेसको रूखलाई हरियो पार्न आयोगले चुनाव चिह्न नै बदलेको आरोप लगाउनु भएको थियो । गत फागुन २४ गते पनि एमाले अध्यक्ष ओलीले काठमाडौंमै आयोजित एक कार्यक्रममा हरियो राख्नुपर्ने कारणबारे आयोगलाई प्रश्न गर्नुभएको थियो । कांग्रेसको अनुकूल हुने गरी आयोग अघि बढेको ओलीको दाबी थियो । निर्वाचन कार्यतालिकामा उम्मेदवारीको समय दुई दिन राखिएकोमा पनि ओलीले आयोगको नियतमाथि शंका गर्नुभएको छ । नेपालमा अहिलेसम्म मनोनयनको समय एक दिन हुने गरेको र विश्वभरि नै मनोनयन दर्ता एक दिन हुने दाबी गर्दै ओलीले सत्ता गठबन्धनलाई सजिलो बनाउन आयोगले दुई दिनको समय राखेको आरोप लगाउनुभयो । ओलीले भन्नुभयो, 'उम्मेदवारी मनोनयनको समय दुई दिन राख्ने चलन थिएन र कहीँ पनि राख्दैनन् । यो केका लागि हो ? गम्भीर प्रश्न छ । यस्ता विषयमा निर्वाचन आयोगले राजनीतिक दलहरूसँग परामर्श गर्थ्यो, यसपटक त्यसो गरेन । दुई दिन मनोनयन राख्नुपर्ने नै थिएन । गठबन्धनमा झगडा हुन सक्छ र त्यो झगडा मिलाउन दुई दिनको समय दिएको हो कि ? '

मनोनयन दर्ताका लागि बहालवाला पदाधिकारीले राजीनामा दिनुपर्ने आयोगको आचारसंहिताप्रति पनि ओलीको आपत्ति छ । कार्यकारी पद रिक्त गर्न नमिल्ने ओलीको भनाइ छ । ओलीले आफ्नो पार्टीको पोलिटब्युरो बैठकमा भन्नुभयो, 'तीन तहको सरकार छ । केन्द्रीय र प्रदेश तहको सरकार कायमै रहने, तर स्थानीय तहको सरकार कायम नरहने ? यहाँ सोझै के देखिन्छ भने केन्द्र र प्रदेशमा गठबन्धनको सरकार छ, त्यसकारण राजीनामा गर्नुपर्दैन । स्थानीय निकायमा उहाँहरूको वर्चस्व छैन, त्यसकारण त्यो पद रिक्त गर्न उहाँहरू लागिपर्नु भएको हो । स्थानीय सरकारको कार्यकारिणीलाई रिक्त गर्नुपर्ने आवश्यकता पुष्टि हुन सक्दैन ।'

यसैगरी एमाले अध्यक्ष ओलीले बेरुजु फरफारक नगर्ने स्थानीयतहका जनप्रतिनिधिहरूले फेरि उम्मेदवार बन्न नपाउने आचार संहिताप्रति पनि आपत्ति जनाउनुभएको छ । आफ्नो पार्टी एमालेलाई लक्षित गर्दै यो प्रावधान लादिएको ओलीले बताउनुभएको छ । सोमबार आयोजित पोलिटब्युरो बैठकमा ओलीले भन्नुभयो, 'हाम्रो पार्टीका जनप्रतिनिधिहरूले धेरै राम्रो काम गरेका छन्, उनीहरूले फेरि चुनाव जित्ने अवस्था उत्पन्न भएपछि आत्तिएर सत्ता गठबन्धनले निर्वाचन आयोगमार्फत बेरुजुको पासो फ्याँकेको हो ।

**के भन्छ निर्वाचन आयोग ?**

एमाले अध्यक्ष ओलीका आरोपहरू साँच्चिकै जायज हुन् कि ? चुनाव हार्ने संभावना बढेपछि ओलीले अनेक बहाना बनाएर निहुँ खोज्न थाल्नुभएको हो त ? भन्ने प्रश्न निकै पेचिलो बनेको छ । गत स्थानीय निर्वाचनमा एमालेले करिब ४० प्रतिशत सिट जितेको थियो । तर, एमालेको टिकटबाट चुनाव जितेका अधिकांश जनप्रतिनिधिहरू भ्रष्टाचारमा लिप्त रहेको कुरा महालेखा परीक्षकको प्रतिवेदन र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले पुष्टि गरिसकेको छ । उदाहरणका लागि काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्य एक्लैले राज्यकोषबाट लिएको मध्ये २३ करोड रुपैयाँ फरफारक गर्न बाँकी रहेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । त्यसो त देशभरीका स्थानीयतहका जनप्रतिनिधिहरूको बेरुजु १ खर्ब ३ अर्ब रुपैयाँ छ । त्यसमध्ये करिब ९० अर्ब रुपैयाँ बराबरको बेरुजु त एमालेको टिकटबाट चुनाव जितेका जनप्रतिनिधिहरूको मात्रै छ ।

एमालेले स्थानीयतहलाई भ्रष्टाचारको ठूलो अखडा बनाएको पुष्टि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले समेत गरेको छ । स्थानीय तहका जनप्रतिनिधिविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा करिव दुई हजार उजुरी परेका छन् । जसमध्ये ८० प्रतिशत उजुरी एमालेको टिकटबाट निर्वाचित जनप्रतिनिधिहरूविरुद्ध मात्रै परेका छन् । भ्रष्टाचारका कारण आफ्नो पार्टी एमाले स्थानीय तहमा दुर्नाम भइसकेको एमाले अध्यक्ष ओलीले थाहा पाइसक्नुभएको छ । अर्कातिर एमाले बलियो भएका पालिकामा कांग्रेस, एमाले र मधेसीदलबीच गठबन्धन हुने भएको छ ।

यस्तो अवस्थामा पैसा बाँढ्न नसक्ने व्यक्तिलाई उम्मेदवार बनाउँदा भोट कम आउने आँकलन एमाले अध्यक्ष ओलीको छ । विगत पाँच वर्ष स्थानीय तहमा बसेर भ्रष्टाचार गर्नेहरू आर्थिक रूपमा बलिया छन् । उनीहरूलाई दोहोऱ्याएर टिकट दिनसके पैसाको बलमा चुनाव जितिन्छ भन्ने ओलीको आँकलन थियो । तर, निर्वाचन आयोगले आचार संहिता जारी गर्दा राज्यकोषबाट लिएको रकम फरफारक नगर्नेहरूको उम्मेदवारी रद्द हुने र यस्ता व्यक्तिले चुनाव जिते पनि पद खारेज हुने प्रावधान ल्यायो । त्यही प्रावधानका कारण एमाले अध्यक्ष ओली निर्वाचन आयोगविरुद्ध खनिनु भएको हो कि ? अरू कारण पनि छन् ?

निर्वाचन आयोगले पनि पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीले उठाएका एक-एक प्रश्नको जवाफ दिएको छ । ओलीले उठाएको प्रश्नको जवाफ दिँदै आयोगले प्राविधिकको सुझावअनुसार हरियो चिह्न राख्ने निर्णय भएको जनाएको छ । गत सोमबार आयोजित नियमति पत्रकार सम्मेलनमा आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले मतगणनामा सजिलो हुने भएकाले हरियो चिह्न राख्नुपरेको जवाफ दिनुभएको छ । उहाँको भनाइ छ, 'यस अघिको स्थानीय निर्वाचनमा सेतो मतपत्रमा निलो निर्वाचन चिह्न र नीलो नै स्वस्तिक छाप हुँदा गणनामा अस्पष्टता भयो र मतदाताबाट पनि मत-संकेत अस्पष्ट भयो भन्ने सुझाव आयो, त्यसकै आधारमा विभिन्न प्राविधिक समिति गठन गरेर प्राप्त सुझावका आधारमा सेतो कागजमा हरियो रङको चिह्न र विवरण छाप्ने र नीलो मसीको स्वस्तिक बनाउने निर्णय भएको हो ।' लाखौं मतपत्र गणना गर्नुपर्ने भएकोले आँखाका लागि हरियो चुनाव चिन्ह उपयुक्त हुने विज्ञहरूले सुझाव दिएको आयोगका प्रवक्ता पौडेलले बताए । उनले भने, 'हरियो रंगबाट कलर कन्ट्रास्ट भएर गणनामैत्री होस् भन्ने मात्र हाम्रो अभिप्राय हो ।'

यसैगरी उम्मेदवारी मनोनयनको समय दुई दिन राखिनुको कारणबारे पनि आयोगले जवाफ दिएको छ । आयोगका प्रवक्ता पौडेलको भनाइ छ, ' एउटै पालिकामा ३०/३२ बडा छन् । एउटा वडामा सात वटा पदमा निर्वाचन हुन्छ । ७९ वटा पार्टीले भाग लिँदै छन् । स्वतन्त्र उम्मेदवार पनि हुन्छन्, त्यसैले मनोनयनका लागि एक दिनको समय अपुग हुने देखियो ।' हुन पनि धेरै जनसंख्या र धेरै वडा भएका पालिकामा उम्मेदवारको संख्या हजारौं हुने संभावना छ । उदाहरणका लागि ३२ वटा वडा रहेको काठमाडौं महानगरवालिकामा एउटै पार्टीका २ सय २६ जना उम्मेदवार हुन्छन् । पार्टीहरूको संख्या ७९ छ । यस हिसाबले पार्टीका उम्मेदवार मात्रै १७ हजार ६ सय ९६ जना हुन्छन् । स्वतन्त्र उम्मेदवारहरूको संख्या पनि करिब करिब यति नै हुन्छ ।

यसरी करिब ४० हजार उम्मेदवार उठ्ने संभावना रहेका पालिकाहरूमा मनोनयनको समय एक दिन मात्रै राख्नु उपयुक्त हो कि , हो कि होइन ? भन्ने चेतसमेत एमाले अध्यक्ष ओलीको दिमागमा चढेको देखिएन । यस सन्दर्भमा आयोगका प्रवक्ता पौडेलले भन्नुभयो, 'करिब ४० हजार उम्मेदवारको मनोनयन, जाँच, रुजु, दर्ता र कम्प्युटर प्रविष्टि गर्नुपर्छ । त्यसका लागि आयोगलाई पनि एकै दिनमा असहज हुने स्थिति देखियो । भिडभाडका कारण कोही पनि आफ्नो उम्मेदवारी दिनबाट वञ्चित नहुन् भन्ने उद्देश्यले यो निर्णय भएको हो ।' तर, उम्मेदवारी दिएपछि जनप्रतिनिधिहरूको पद खारेज हुने आचार संहिताका विषयमा ओलीले गरेको अपत्तिबारे भने निर्वाचन आयोगले जवाफ दिन जरुरी ठानेन । यस्ता बेतुकका प्रश्नको जवाफ दिन थाल्दा समयको बर्बादी हुने ठम्याइका आयोग पुगेको हो कि जस्तो देखियो । यसैगरी बेरुजु फरफारक नगर्ने व्यक्तिले समेत उम्मेदवार बन्न पाउनुपर्ने एमाले अध्यक्ष ओलीको मागप्रति भने जनस्तरबाटै प्रतिपाद सुरु भएको छ । यो संकेत पाएपछि अब एमालेले यस्तो माग नउठाउने भएको छ ।

दुई/दुईपटक मुलुकको प्रधानमन्त्री भइसक्नुभएका केपी शर्मा ओली यतिबेला प्रमुख प्रतिपक्षीदल नेकपा एमालेको अध्यक्षसमेत हुनुहुन्छ । विगत पाँच वर्ष यता एमाले नेपालको सबैभन्दा ठूलो राजनीतिकदलको हैसियतमा छ । यस हिसाबले ओली नेपालको सबैभन्दा बढी उचाइको नेता हुनुहुन्छ भन्ने कुरामा कुनै शंका छैन । ओलीको सर्वाधिक उचाइलाई अन्यदलका नेताहरूले पनि कदर गरेका छन् । मुलुकको बागडोर संहाल्नुभएका प्रधानमन्त्री देउवासमेत सपरिवार ओलीको घरमा पटकपटक जाने गर्नुभएको सबैले देखेकै छन् । यस हिसाबले ओली नेताहरूका पनि नेता हुनुहुन्छ भन्ने कुरा परिस्थितिले समेत पुष्टि गरिसकेको छ ।

तर यो हैसियतको नेताले अत्यन्त झिनामसिना कुरामा किचकिच गरेको सुहाउँदैन । आफ्नो हैसियतलाई पचाउन ओलीले नसक्नुभएको त होइन ? भन्ने प्रश्न उठेको छ । संसद् भित्रको जोड घटाउ तथा समीकरणका कारण कुन व्यक्ति कतिबेला प्रधानमन्त्री बन्छ ? भन्न सकिन्न । तर प्रधानमन्त्री बन्दैमा ऊ मुलुकको अभिभावक बन्न सक्दैन । बहुदलीय व्यवस्थामा मुलुकको बास्तविक अविभावक भनेको सबैभन्दा ठूलो पार्टीको अध्यक्ष नै हो । यसमा फरक मत र तर्क वितर्क गर्नुपर्ने कुनै कारण नै छैन । तर आफ्नै कारणले गर्दा ओलीको नियती पौराणिक कथामा वर्णित नहुष राजाको जस्तो हुन पुगेको छ ।

स्वर्गलोक र मर्त्यलोकको राजा एकैपटक हुने अवसरलाई नहुषले जसरी दुरुपयोग गरेका थिए, त्यसरी नै नेताहरूको पनि नेता अर्थात देशकै अभिभावक बन्ने अवसरलाई ओलीले दुरुपयोग गर्नुभएको छ ।

# मार्क्सवादको महत्व



मिलन आफन्त

विश्व कम्युनिस्ट आन्दोलनका महान गुरु तथा वैज्ञानिक साम्यवादका प्रणेता कार्लमार्क्स र फ्रेडरिक एंग्ल्सले 'विश्वका मजदुर तथा श्रमजीवी वर्गलाई एकजुट हुन' आह्वान गर्दै 'कम्युनिस्ट पार्टीको घोषणापत्र'जारी गरेको पनि आज डेढ शताब्दीभन्दा बढी समय बितिसकेको छ । तथापि आज झन्-झन् मार्क्सवादको महत्व बढ्दै गइरहेका छ । जसरी मानव जातिले आआफ्ना सभ्यता र संस्कृतिमा विकास गर्दै गइरहेको छन्, त्यसरी नै मार्क्सवाद पनि विकसित हुँदै गइरहेको छ । आज आआफ्नो देशमा आआफ्नो प्रक्रियाले मार्क्सवादको प्रयोग गर्ने प्रचलन बढेको देखिन्छ । आजको विश्वमा मार्क्सवादीहरू झनै बढेका छन्, घटेका छैनन् । पूर्व सोभियत संघमा साम्यवादले धक्का खाए पनि आज विश्वका विभिन्न देशहरूमा समाजवादीहरू सत्तामा पुगिसकेका छन् । २१औं शताब्दी अनुकूलको मार्क्सवादलाई प्रयोग गरिरहेका छन् । त्यसो त सोभियत संघमै पनि कम्युनिस्टहरू बढेका छन् । रसियामा भएको पुँजीवादी व्यवस्थाले आर्जित उनीहरू साम्यवाद चाहान्छन् ।

वर्तमान विश्वका जनताहरूको मनमस्तिकमा मार्क्सवादी सिद्धान्त र विचार हरूले घर बनाइसकेको छ । विश्वका करोडौं मानिसहरू आफ्ना उचित माध्यमद्वारा मार्क्सवादी र साम्यवादी शिक्षाबाट विभूषित भइरहेका छन् । विश्व विकास र विश्वका जनताहरूको मेलमिलापको एक मात्र उपाय साम्यवाद हो । साम्यवादले नै विश्वको उचित व्यवस्थापन गर्दछ भन्ने कुरामा विश्ववासीहरू एकमत देखिएका छन् । मार्क्सवादले एउटा सामाजिक व्यवस्थाको ठाउँ अर्को समाज व्यवस्थाले लिने क्रममा समाजको द्वन्द्वात्मक नियमहरू पुष्टि गर्दछ ।

आजको विश्वमा कम्युनिस्टहरूमा पनि मत विभाजित भएको छ तसर्थ हामीले सच्चा मार्क्सवादीलाई चिन्नुपर्दछ र त्यसै अनुरूप आफ्नो कार्यलाई अगाडि बढाउनु पर्दछ । अन्यथा हामीले आफ्नो अमूल्य समय नष्ट गर्नुसिवाय अरू केही हुन सक्दैन । हामी मानवहरूलाई मार्क्सवादले असिम ज्ञान दिएको छ । हामीलाई मार्क्सवादले अज्ञानताबाट ज्ञानतर्फ, अपूर्णबाट पूर्णतातिर र छिपछिपेबाट गहिराइतिर अघि बढ्न सिकाएको छ । आज पनि विश्वका सबै देशका श्रमजीवी जनता र पार्टीहरूले मार्क्सवादी र लेनिनवादी शिक्षाद्वारा निर्देशित भएर आआफ्नो देशका वर्ग शत्रुहरूका विरुद्ध क्रान्तिकारी संघर्षको नेतृत्व

**आजको विश्वमा कम्युनिस्टहरूमा पनि मत विभाजित भएको छ तसर्थ हामीले सच्चा मार्क्सवादीलाई चिन्नुपर्दछ र त्यसै अनरूप आफ्नो कार्यलाई अगाडि बढाउनु पर्दछ । अन्यथा हामीले आफ्नो अमूल्य समय नष्ट गर्नुसिवाय अरू कोही हुन सक्दैन । हामी मानवहरूलाई मार्क्सवादले असिम ज्ञान दिएको छ । हामीलाई मार्क्सवादले अज्ञानताबाट ज्ञानतर्फ, अपूर्णबाट पूर्णतातिर र छिपछिपेबाट गहिराइतिर अघि बढ्न सिकाएको छ**

गरिरहेका छन् र जनताहरूलाई सचेत बनाइरहेका छन् । हामीले मार्क्सवादलाई सुगा रटाईको रूपमा लिनु हुँदैन । मार्क्सवादलाई समयसापेक्ष परिवर्तन गर्न सक्नुपर्दछ । तब मात्र मार्क्सवादको सही प्रयोग हुन्छ र हामी आफ्नो भूमिमा मार्क्सवादको प्रयोग गर्न सफल हुन्छौं । यो नै वर्तमानको यथार्थता हो ।

जब मार्क्स र एंगेल्सले आफूभन्दा पहिले विकसित भएका समाज विज्ञानका नियमहरूलाई सर्वहारा र श्रमजीवी वर्गका जनताको हितका लागि सु-संगठित गर्दै उनीहरूको क्रान्तिकारी आन्दोलनसँग जोड्ने काम गर्नुभयो, त्यसपछि मार्क्सवाद विश्वभरको मजदुर वर्गको मुक्ति आन्दोलनका वैचारिक हतियार एवं मार्गदर्शक सिद्धान्त सावित भयो । त्यसैबेलादेखि विश्वका करोडौं जनताका निमित्त शोषण र उत्पीडनबाट मुक्त हुने वैज्ञानिक आधार बन्न सक्यो । तसर्थ पनि हामी मार्क्सवादलाई अपराजय छ भन्न सक्छौं । मार्क्सवाद हाम्रो युगको सबैभन्दा उन्नत विज्ञानसँग सम्बन्धित दर्शन हो । मार्क्सवाद प्रगतिशील विश्व हो । मार्क्सवाद मानवीय विज्ञान हो किनभने यसले सबै जनालाई शोषण र उत्पीडनका विरुद्ध सामाजिक न्यायको विजयका लागि राष्ट्र-राष्ट्रहरूबीच मैत्रीको लागि सम्बोधन गर्दछ ।

विश्वका सम्पूर्ण मानवहरूलाई एउटै छातामुनि गोलबन्द गरेर विश्वभरिका जनताहरूको विकास र प्रगतिका लागि संघर्षरत हामी मार्क्सवादी नै संसारका एकदम सर्वश्रेष्ठ मानव हौं । एकपटकको जीवनमा हामीले अवश्य पनि मार्क्सवादको अध्ययन गर्नु पर्दछ र यसलाई जीवनमा अपनाउनुपर्दछ यो नै आजको ऐतिहासिक यथार्थता हो । मार्क्सवादलाई जीवन दर्शनका रूपमा ग्रहण गरेका मानिसले मात्र साँचो रूपमा यो विश्वको मुहार बदल्न सक्दछ । वर्तमान असमानताले ओतप्रोत विश्वमा समानताको काँचुली फेर्न सक्दछ । संसारभरका श्रमजीवी मजदूर, किसान, विद्यार्थी, जनजाति, महिला, सबै धार्मिक, जातीय व्यक्तिलाई एउटै मालामा उन्न सक्दछ । तसर्थ अन्तमा हामी भन्न सक्दछौं, मार्क्सवाद अजय छ, अपराजय छ, मार्क्सवाद मानव जगतमा सबैभन्दा महत्वपूर्ण दर्शन र सिद्धान्त हो ।

# सुखीहरूको गाउँ 'घलेगाउँ'



■ जनक श्रेष्ठ

लमजुङ । शिरमा सेतो हिमाल, मध्य भाग जंगल अनि फेदमा घलेहरूको बाहुल्य- घलेगाउँ विविधताको संगम हो । प्रकृतिले सिँगारिदिएको र पर्यटकीय रूपमा निकै महत्वपूर्ण घलेगाउँ अहिले लमजुङको सुखी गाउँका रूपमा परिचित छ । पर्यटकलाई खुसी बनाउँदै पर्यटकीय सत्कारमा रमाउन थालेका यहाँका बासिन्दा यतिबेला मापदण्ड पूरा गर्दै गाउँलाई नै सुखी गाउँ बनाउन लागिपरेका छन् ।

जिल्लामा सबैभन्दा बढी पर्यटक यसै गाउँमा आउँछन् । मुलुकमा जनआन्दोलनपछि आन्तरिक पर्यटकको वृद्धि हुन थालेपछि घलेगाउँवासी खुसीले गद्गद् छन् । उनीहरू पर्यटकका लागि रातदिन नभनी मिहिनेत गर्छन् जसको पहिलो प्राथमिकता भनेकै गाउँमा आएका पर्यटकलाई खुसी बनाउनु हो । क्ह्वालासोथर गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर घलेका नेतृत्वमा अघि बढ्दै आगामी २ वैशाखमा गाउँलाई 'सुखी घलेगाउँ' घोषणा गर्ने तयारीमा छन् स्थानीय ।

पर्यटन व्यवस्थापन समिति, ग्रामीण पर्यटन घलेगाउँका अध्यक्ष प्रेमबहादुरका अनुसार सडक, खानेपानी, स्वास्थ्य र शिक्षा केही नभएको गाउँलाई कसरी सुखी बनाउन सकिन्छ भनेर आफूले दुई दशकअघि सोचेको योजना अहिले पूरा हुन लागेको बताए । 'म भारतीय सेनामा भर्ती हुन पुगेर पनि गाउँ फर्कें । स्याङ्जा जिल्लाको सिरुबारीका घरमा पाहुना राख्ने र गाँस र बास दिएबापत पैसा लिने गरेको सुनें । के कसरी रहेछ भन्ने जिज्ञासाले अध्ययन गर्न त्यहाँ पुगेँ र मैले पनि गाउँमा पाहुना राख्ने र गाउँलेलाई दुई/चार पैसाको मुख देख्न सक्ने बनाउने योजना बुनें', उनले भने ।

घले, गुरुङ र दलित समुदायको बसोबास रहेको घलेगाउँमा १ सय २५ घर रहेकामा प्रतिघरको वार्षिक आम्दानी सरदर पाँचदेखि ६ लाख र एक लाखदेखि डेढ लाख रुपैयाँसम्म वार्षिक वचत हुने गरेकाले र मापदण्ड पूरा गरेकाले गाउँलाई सुखी गाउँ घोषणा गर्न लागिएको समितिको कार्यालय सचिव दीर्घराज घलेले जानकारी दिए । 'घरमै बसीबसी आम्दानी भएपछि हामी सबै खुसी र सुखी छौं', उनले भने । ०५७ वैशाख २३ गते 'प्रथम घलेगाउँ महोत्सव' गरी नेपालकै पहिलो 'स्मार्ट भिलेज' का रूपमा अघि बढ्दै गरेको घलेगाउँका १२ घरमा सुरुमा पर्यटन प्रयोजनका लागि घरवास कार्यक्रम स्थापना भई प्रचारप्रसार भएपछि ०५८ वैशाखमा 'घलेगाउँ कला महोत्सव' आयोजना गरिएको थियो । मान्छेहरूको भिडभाड हुने भएकाले सुरुमा तत्कालीन द्वन्द्वमा संलग्न माओवादीहरूले कार्यक्रम गरेको प्रति आपत्ति जनाएकामा पछि पर्यटन प्रवर्द्धनबारे कुरा बुझेपछि कुनै रोकतोक नभएको समितिका अध्यक्ष प्रेमबहादुरले बताए । बिस्तारै घलेगाउँमा पाहुना आउन थाले । प्रकृति, संस्कृति र रहनसहन देखाई गाउँमै उत्पादित खाद्य पदार्थ खुवाएर उनीहरूले आम्दानी गर्न थाले । बिस्तारै घलेगाउँबारे देशविदेशमा प्रचारप्रसार हुँदै गयो ।

दक्षिण एसियाली राष्ट्रहरूको संगठन (सार्क) स्थापनापछिको केही समयमै सुरुका सदस्य राष्ट्र हरेकमा नमुना 'सार्क भिलेज' घोषणा गरिएअनुसार नेपालको लमजुङ जिल्लाको उत्तरी भेगमा अन्नपूर्ण हिमालका काखमा अवस्थित क्ह्वालासोथर गाउँपालिका-३ स्थित ऐतिहासिक घलेगाउँलाई नेपालको नमुना 'सार्क भिलेज' मा छनोट गरिएको थियो । यहाँ सडक, बिजुली, टेलिफोन, इन्टरनेट, खानेपानी, विद्यालय, स्वास्थ्यलगायत आधारभूत सुविधा पुगेपछि ०७५ पुस १० गते 'स्मार्ट भिलेज' अभियान सुरुआत गरिएकामा गण्डकी प्रदेशका तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले ०७६ मंसिर १७ गते विधिवत रूपमा नामकरण गरी शुभारम्भ गरे । गाउँ पर्यटन प्रबर्द्धन मञ्च (भिटोफ) ले नेपालकै उत्कृष्ट होमस्टेका रूपमा पनि यसलाई पुरस्कृत गर्‍यो । घलेगाउँका बासिन्दा एवं घरबास पर्यटन सञ्चालक हेमकुमारी घलेले भनिन्, 'विगतमा यहाँका बासिन्दालाई दुईचार पैसाको मुख देख्नदेखि स्वास्थ्य शिक्षा, यातायात, खानेपानी, इन्टरनेटलगायत समस्या थियो तर अहिले सबै सुविधा उपलब्ध हुँदै गएकाले उनीहरू सुखी हुन थालेका छन् ।'

गाउँमा दैनिक आउने पर्यटकमार्फत आम्दानी भई यहाँका बासिन्दाको आयस्रोतमा वृद्धि हुँदै जाँदा तिनलाई पैसाको अभाव हुँदैन । यहाँका ९० प्रतिशत जनसंख्यालाई आम्दानीका लागि अन्य दुःख गर्नै नपरेको अध्यक्ष प्रेमबहादुरले बताए । अधिकांश वस्तु गाउँमै उत्पादन हुन्छ । समितिका सचिव उमलबहादुर विकका अनुसार अन्य घरका बासिन्दाले भने पर्यटकलक्षित व्यापार-व्यवसाय गरेका छन् । स्थानीयले निगालोको चोया, भेंडाको ऊन, अल्लोबाट हस्तकलाका सामग्री तयार गरेर बिक्रीवितरण गर्ने छन् । घरबासमा आएका पर्यटकले ती वस्तु खरिद गरेबाट समेत थप आम्दानी भई आयस्रोत वृद्धि हुँदै गएको स्थानीयवासी बताउँछन् । पर्यटक वृद्धि हुँदै गएको घलेगाउँमा ०७३ माघ २२ मा राष्ट्रपति विद्यादेवी भण्डारीले परम्परागत गुरुङ संग्रहालय उद्घाटन गरेपछि झन् बढी पर्यटक पुग्न थाले । घरबास सञ्चालकले घरमै बसीबसी पर्यटक आगमन हुँदा महिनामै ४० देखि ७० हजार आम्दानी गर्दै आएका छन् । गण्डकी प्रदेश सरकारले घलेगाउँको प्रवर्द्धनका लागि आव ०७५/७६ मा २९ लाख ४६ हजार र क्ह्वालासोथर गाउँपालिकाले १५ लाख रुपैयाँ विनियोजन गरेका थिए ।

पर्यटन व्यवसायबाट गाउँलेले बर्सेनि करोडौं रुपियाँ आम्दानी गर्दै परिवारको भविष्य बनाउनेदेखि गाउँको विकासमा टेवा पुर्‍याएका छन् । बाइसे-चौबिसे राज्यकालमा घले राजाले यस ठाउँमा शासन गरेका थिए । स्थानीयका अनुसार घले राजाले शासन गरेको र घले जातिको बाहुल्य भएकाले गाउँको नाम नै घलेगाउँ रहेको हो । सात सय वर्ष पुरानो मानिएको घलेगाउँलाई गुरुङ भाषामा 'कोइम्ली' भनिन्छ । यहाँ अन्तिम राजा क्याल्बोरोजा क्लेको सालिक निर्माण गरिएको छ । गुरुङ जातिको कर्मकाण्ड, वेद तथा अन्य शास्त्र सिक्ने र सिकाउने पाठशाला 'क्होइँबो' पनि यहाँ निर्माण गरिएको छ ।

कोइम्लीका ४२ घरमा हाल घरवास कार्यक्रम सञ्चालनमा छ । गाउँमा आएका पर्यटकलाई स्वागत तथा सम्मान र बिदाइमा सेतो टीका, फूल, फूलको माला, गुच्छा र खादा चढाइन्छ । पर्यटकलाई गुन्द्रक, मकै, भटमास, कोदोको सेलरोटी, चियालगायत परिकार खुवाइन्छ । पर्यटकका लागि गुरुङसंस्कृति झल्किने गीत तथा नाच प्रस्तुत गरी भरपूर मनोरञ्जन दिलाइन्छ । पाहुना तथा पर्यटकलाई समाज घरमा लगेर गुरुङ संस्कारमा आधारित कृष्णचरित्र नाच, घाँटु, घ्याब्रे, लामा, सोरठीलगायत विभिन्न परम्परागत नृत्यहरू प्रस्तुत गर्नु घलेगाउँबासीको परम्परा हो । घलेगाउँमा प्रतिव्यक्ति एक रातको १ हजार २ सय ५० शुल्क लिइन्छ । सो रकम तिरेबापत एक रात सुत्न तथा एक/एक छाक मांसाहारी र शाकाहारी भोजन पाइन्छ । बिहानको खाजामा चिया, कोदोको सेलरोटी, तरकारी र अण्डा पर्यटकले प्राप्त गर्छन् ।

प्रकृतिले सिँगारिदिएको घलेगाउँबाट ६ हजार ९ सय ८६ मिटर उचाइको लमजुङ हिमाल, ७ हजार ९ सय ३५ मिटर उचाइको अन्नपूर्ण हिमाल (दोस्रो), अन्नपूर्ण हिमाल (चौथो), ६ हजार ९ सय ६३ मिटर उचाइको माछापुच्छ्रे हिमाल, ८ हजार १ सय ६३ मि उचाइको मनास्लु हिमाल, ७ हजार ८ सय ९३ मि उचाइको हिमालचुली, ७ हजार ८ सय ३५ मि उचाइको ङादीचुली (डा.हर्क हिमाल) र ६ हजार ६ सय ७२ मि उचाइको बुद्ध हिमाल देखिन्छ । सूर्योदय र सूर्यास्तको दृष्यावलोकन, गुरुङ समुदायको परम्परागत गुरुङ घर, गुरुङ संग्रहालय, क्वोइबो धीं, घले राजाको सालिक, सात कुवा, चिया बगान, भिर मौरी, वनझाँक्री छहरालगायत स्थानसमेत घलेगाउँको विशेषता हो ।

घलेगाउँको अर्को विशेषता हस्तकला पनि हो । गाउँवासीले दैनिक जीवनमा आवश्यकता पर्ने कतिपय वस्तु आफैँ तयार गर्छन् । भेंडाबाख्राको ऊनबाट राडीपाखी, बख्खु, अल्लोको धागोबाट भांग्रा, झोला, थैलो, नियालाको चोयाबाट डोको, नाम्लो, भकारी, थुन्से, घुमजस्ता वस्तु तयार गरिन्छ । धान कुट्ने ढिकी, मकै, कोदो पिस्ने जाँतो, ढुंगा, रातो रङका जस्तापाता र खरले छाएको घरको छाना, भऱ्याङ, ढोकामा कुँदिएको कला तथा परम्परागत घुमाउरो घरमा प्रयोग भएका स्थानीय सीप पाहुना तथा पर्यटकलाई नौलो लाग्न सक्छ । यहाँ पुराना शैलीका घुमाउरो घर, बाक्लो घले (गुरुङ) बस्ती अनि चौबिसै घण्टा पानी, बिजुली र वाइफाइको व्यवस्था छ ।

यहाँ आउने पर्यटकलाई गाउँघरमै उब्जाइएका जैविक धान, मकै, कोदो, भटमास, रायोको साग, सिस्नोको खोले, स्थानीय कुखुरा, खसीबोका, भेंडाको मासुलगायत परिकार खुवाउने गरिन्छ । लमजुङ तथा विशेष गरी क्होलासोथर गुरुङ जातिको उद्गमस्थल हो । यही नामबाट क्होलासोथर गाउँपालिका छ । पुर्खौंपुर्खादेखि हिमाली काखमा जीवनयापन गर्दै आएका स्थानीयको आफ्नै मौलिक कला, भाषा, संस्कार, संस्कृति छ । स्वच्छ हावापानीमा रमाएको गुरुङ समुदायको लमजुङमा बाक्लो बस्ती तथा बसोबास छ । एकैठाउँमा गुचमुच्च भएर बस्न रुचाउने गुरुङ समुदायभित्र एकता पनि छ । पहिले रोधी हुँदै सामूहिक एकतामा होमिएका गाउँले पछिल्लो समय आमा र बाबा समूह, युवा क्लबमार्फत गाउँ विकासमा लागेका छन् ।

# दमकल छैन, जनप्रतिनिधिलाई सवारी साधन !




■ सौर्य समाचार

लमजुङ । यहाँका आठ स्थानीय तहमध्ये आगो नियन्त्रणका लागि बेँसीसहर नगरपालिकासँग मात्र दमकल छ । अन्य पालिकाले सोही नगरपालिकाकै दमकल कुर्नुपर्ने बाध्यता छ । टाढाटाढा आगलागी हुँदा जान समय लाग्ने गरेकाले पनि समस्या हुने गरेको छ भने दमकल रहेको नगरभित्रका पसल तथा कुनै घरमा आगलागी भएका बेलामा कहिले दमकल ढिलो पुग्ने त, कहिले बेलैमा पुगे पनि दमकलबाट पानी निकाल्न समय लाग्ने गरेको छ ।

बेँसीसहर नगरप्रमुख गुमानसिंह अर्यालले भने, 'ठूलो आगोलागी भएको बेला अन्य स्थानीय तहले हाम्रै नगरकै दमकल प्रयोग गर्ने गरेको छ । प्रायः स्थानीय तहको अधिकांश बस्ती तथा भागमा सडक पुगे पनि भौगोलिक संरचनाका कारण जिल्लाका सबै ठाउँमा आगलागी हुँदा दमकल पुग्न सम्भव छैन ।' आगलागी भएमा आगो निभाउनका लागि दमकल आवश्यक छ भन्ने महसुस गरी सबै स्थानीय तहले दमकल खरिद गरी तयारी अवस्थामा राख्नुपर्ने मर्स्याङ्दी गाउँपालिकाका स्थानीय अजय तामाङले बताए । अत्यावश्यक साधनप्रति चासो नभएका स्थानीय तहका प्रमुख तथा उपप्रमुखको लागि सुविधायुक्त सवारी साधन भने अधिकांशका छन् ।

राइनास नगरपालिका प्रमुख सिंहबहादुर थापाले भने, 'यहाँ आगलागी भइहाले बेँसीसहरकै दमकल मगाउने गरेका छौँ ।' दमकलको आवश्यकता महसुस गरे पनि खरिद भने गरिनसकेको उनले सुनाए । यस क्षेत्रमा आगलागीको जोखिम कम भएको र आगलागी भइहाले बेँसीसहर नगरपालिकाकै दमकल प्रयोग गर्ने गरेको राइनास नगरपालिकाका प्रमुख सिंहबहादुर थापाले बताए ।

बेँसीसहर नगरपालिकाबाहेक अन्य सात वटा स्थानीय तहले दमकल खरिद गर्ने कुनै तयारी नगरेको जिल्ला समन्वय समितिका प्रमुख लोकराज पाण्डेले बताए । उनले भने, 'सबै स्थानीय तहमा दमकलको जरुरी रहे पनि विषेश गरी सहरीकण भएको नगरपालिकामा बढी दमकलको आवश्यकता रहेको छ ।' जिल्लामा सानो आगोलागी हुँदा दमकलविनै प्रहरीले आगो नियन्त्रण गर्ने गरेको र ठूलो आगलागी हुँदा प्रहरी बेलैमा पुगे पनि दमकल पुग्न समय लाग्ने भएकाले क्षति बढी हुने गरेको प्रहरी बताउँछन् ।

# ह्यान्डपम्पले विस्थापित भए कुवा



■ राजेन्द्र पनेरू

कञ्चनपुर । कुनै बेला तराईमा पूरै गाउँको खानेपानीको एउटै स्रोत कुवा हुन्थ्यो । पालो पुऱ्याएर सबैले घरका लागि खानेपानी लग्ने गर्दथे । विशेष गरी बिहान र साँझका बेला कुवाबाट पानी झिक्दै नुहाउने र पानी भर्नेको लर्को लाग्ने गर्दथ्यो ।

विगत सम्झँदै शुक्लाफाँटा नगरपालिका-३ जोनापुरका मानबहादुर चौधरीले भने, 'कुवा एकादेशको कथाजस्तै भएको छ, गाउँमा रहेका कुवा ह्यान्डपम्प गाडने कार्य हुन थालेपछि हराउँदै गए, बुढापाकाको कथा कहानी र भनाइमा मात्रै कुवाको चर्चा मात्रै सुन्न पाइने गरेको छ ।' उनका अनुसार गाउँका जमिन्दारका घरमा मात्रै व्यक्तिगत कुवा हुन्थ्ये । पूरै गाउँका लागि एउटै कुवा हुन्थ्यो । गाउँका सबैले मिलेर वर्षमा एकपटक कुवा सफा गर्दथे ।

कुवामा पानी भर्नेको लर्को लाग्ने भएकाले पालो नआउँदासम्म गाउँका बासिन्दा जमघट हुँदा निकै रमाइलो हुने गर्दथ्यो । सुखदुःखका कुरासँगै गाउँका विकास र सामाजिक कार्यका बारे चर्चा हुने गर्दथ्यो । आजभोलि जस्तो सञ्चारका माध्यम थिएनन् । एउटै सञ्चारको माध्यमका रूपमा रेडियो हुन्थ्यो । रेडियो पनि थोरैका घरमा हुन्थे । रेडियो ल्याएर पानी भर्न आउनेले सबैलाई गीतसँगै समाचार सुनाउने गर्दथे । पानी भर्न आएका रेडियो सुन्नकै लागि कुवा भएको क्षेत्रमा निकै बेर बस्ने गरेका थिए ।

०३२ सालअघि स्थानीय बासिन्दाले काठको ढुंग्रो राखेर कुवा बनाउने गर्दथे । केहीले खोलाको पानी पिउनका लागि प्रयोग गर्दथे । 'आजभोलि जस्तो खोला दुषित थिएनन्,' लक्ष्मण डगौराले भने, 'खानेपानी, लुगा धुन, बस्तुभाउलाई पानी खुवाउन खोलाकै पानी प्रयोग हुन्थ्यो, कुवा त थोरैका घरमा हुन्थ्यो, कुनै गाउँमा त एउटा मात्रै कुवा हुन्थ्यो, त्यसकाबाटै खानेपानीको व्यवस्था हुन्थ्यो ।'

वैशाख जेठका बेला कुवा सुक्ने भएकाले धेरैले खोलाकै पानी प्रयोगमा ल्याउने गरेको उनले सुनाए । 'कुवाको पानी चिसोमा गरम र गर्मीमा चिसो हुने गर्दथ्यो, कुवाको गहिराइ १० फिटदेखि ६० फिटसम्म हुने गर्दथ्यो,' स्थानीय मानसिंह भण्डारीले भने, 'हालको ह्यान्डपम्प र ओभरहेड ट्यांकीको जस्तो सुरक्षित पानी भने कुवाको हुने गरेको थिएन, वर्षातको पानी कुवामा जम्मा हुँदा निकै दुषित हुने गर्दथ्यो, भ्यागुता, लामखुट्टेलगायत कुवाको पानीमा हुने भएकाले पानीजन्य रोगको प्रकोप त्यस बेला अधिक रहने गरेको थियो ।'

तत्कालीन सरकारले ०३२ सालमा गाउँगाउँमा कुवा बनाउनका लागि बजेटको व्यवस्था गरी पक्की कुवा बनाएको उनले सुनाए । हाल बस्ती विकाससँगै हयान्डपम्प र ओभरहेड ट्यांकी निर्माण हुन थालेपछि कुवा हराउँदै गएका छन् ।

ह्यान्डपम्प भएका ठाउँका बासिन्दाले फिल्टरको प्रयोग गरी खानेपानी उपभोग गर्दै आएका छन् । केहीले विनाफिल्टर ह्यान्डपम्पको पानी प्रयोगमा ल्याउने गरेका छन् । जुन विगतको कुवाको पानीभन्दा निकै सुरक्षित रहेको छ । कुवाको पानी प्रयोग गर्दा हुने पानीजन्य रोगको प्रकोपसमेत विगतको जस्तो नरहेको भण्डारीले बताए ।

'महेन्द्रनगर बजारमा थोरैका घरमा मात्रै ह्यान्डपम्प थिए, ०४० सालपछि ग्रामीण क्षेत्रमा ह्यान्डपम्प गाड्न सुरु गरिएको हो,' उनले भने, 'ह्यान्डपम्प पाउनका लागि सरकारी निकायमा निकै दौडधुप गर्नु पर्दथ्यो, पञ्चहरूलाई निकै गुहार्नु पर्दथ्यो, ह्यान्डपम्प पाउनेले आफूलाई निकै सौभाग्यशाली सम्झन्थे ।' ग्रामीण क्षेत्रका केही ठाउँमा हाल ओभरहेड ट्यांकीमार्फत खानेपानीको आपूर्ति भइरहेको छ भने बहुसंख्यक मानिसका घरमा कुवाको ठाउँमा खानेपानीका लागि अझै पनि ह्यान्डपम्पकै प्रयोग हुने गरेको छ ।

'पहिला कुवा हुनु नै धेरै थियो, त्यसपछि ह्यान्डपम्पको चलन चलेपछि यसलाईनै धेरैले रुचाए', स्थानीय तेज शाहले भने, 'अब हरेक क्षेत्रमा ओभर हेड ट्यांकीमार्फत पानी पुऱ्याउन थालिएपछि यसलाई नै सुरक्षित मान्न थालिएको छ ।'

# पाँचपोखरीको प्राथमिकता पर्यटन, शिक्षा र स्वास्थ्य

■ सौर्य समाचार

सिन्धुपाल्चोक । भ्रमण वर्ष मनाउन छानिएका सय पर्यटकीय गन्तव्यमध्ये पाँचपोखरी पनि एक हो । समुद्र सतहबाट करिब ४ हजार १ सय ५० मिटर उचाइमा अवस्थित पाँचपोखरीको प्राकृतिक सौन्दर्य मनमोहक छ। काठमाडौंबाट नजिकको सुन्दर गन्तव्य हो पाँचपोखरी ।

सिन्धुपाल्चोकको पर्यटकीय क्षेत्रका रूपमा पाँचपोखरी थाङ्पाल गाउँपालिका परिचित छ । पाँचपोखरी नै चर्चित र रमणीय पर्यटकीय क्षेत्र भएकाले यो विशेष छ । यसैका नामबाट गाउँपालिकाको नाम राखिएको हो । जति सम्भावना छ, त्यति विकास भने हुन सकेको छैन । जिल्लाका १२ स्थानीय तहमध्येको पाँचपोखरी थाङ्पाल गाउँपालिका उच्च हिमाली दूरदराजमा पर्ने गाउँपालिका हो । यो गाउँपालिकामा ०७२ सालको भूकम्पले धेरै क्षति पुऱ्यायो । त्यो अवस्थाबाट जिम्मेवारी वहन गर्नुपरेकाले चुनौती रहेको गाउँपालिका अध्यक्ष टासी लामाले बताए ।

दोस्रो चुनौती स्थानीय तहमा जनशक्तिको अभाव हो । सबै ऐन, कानुनको अभाव, कोरोना महामारी, बाढीलगायतको सामाना गर्नुपरेकाले सबै काम पूरा हुन नसकेको लामाले बताए ।

स्थानीय स्रोत साधनको प्रयोग गरी केही महत्वपूर्ण काम अघि बढाएको उनको दावी छ । भूकम्पपछिको पुनःनिर्माण, आवास, स्वास्थ्य, शिक्षा, सेवा प्रदायक संस्थाको भवन निर्माण, विद्युत् प्रसारण लाइनको काम गरिएको उनले बताए । सडकलाई मात्र महत्वपूर्ण नठानी शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पर्यटन र युवालक्षित कार्यक्रमलाई प्राथमिकतामा राखी अगाडि बढेको हुँदा अहिले नतिजा देखिन थालेको लामाले बताए । याङी र पाँचपोखरी पर्यटनमार्ग बनाइएको छ । यी दुवै कच्ची सडकको स्तरोन्नतिको काम हुँदैछ । पाँचपोखरी चक्रपथको विकास गरी तीव्ररूपमा स्तरोन्नतिको काम भइरहेको छ ।

# जीर्ण बन्दै ऐतिहासिक गर्भादरबार

■ मीन ठकुरी

गोदावरी । कैलालीको चुरे गाउँपालिका-४ मा रहेको ऐतिहासिक राणाकालीन गर्भादरबार संरक्षण अभावमा जीर्ण बन्दै गएको छ । १९८४ मा खड्गशमशेर जबराले निर्माण गरेको ऐतिहासिक संरचना संरक्षण अभावमा खण्डहरमा परिणत हुँदै गएको छ ।

दरबार जीर्ण बन्दै गइरहेको भए पनि त्यसको संरक्षणमा कसैको ध्यान गएको छैन । टिनको छाना हावाले उडाइसकेको छ भने पानी चुहिएर पर्खाल भत्किसकेको छ । दरबार संरक्षण गर्न सके पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना हुँदाहुँदै पनि त्यसको संरक्षणमा कसैको ध्यान नगएको स्थानीय चक्र बोगटीले बताए । दरबार संरक्षणका लागि स्थानीय बासिन्दाले सरोकारवाला निकायसँग पटकपटक आग्रह गर्दै आए पनि सुनुवाइ नभएको उनको गुनासो छ । दरबार दिनप्रतिदिन भत्किने क्रममा छ । कतिपय भाग भत्किएर दरबारको शोभा बिग्रँदै गएको छ । बोगटीले भने, 'सरोकारवाला निकायको बेवास्ताका कारण ऐतिहासिक महत्व र पर्यटकीय सम्भावना बोकेको क्षेत्र खण्डहरमा परिणत हुँदै गएको छ । वर्षौंदेखि दरबार प्रयोगविहीन बनेपछि भत्किँदै गएको छ ।' कलाकृति जडित भित्ता ०५५ सालदेखि भत्किन सुरू भएको स्थानीय प्रकाश गुरुङले बताए ।

गर्भा दरबारमा चहलपहल ०३२ सालसम्म मात्रै रह्यो । खड्गशमशेरका छोरा बहादुर शमशेरपछि दरबार बहादुरशमशेरका साहिँला छोरा तेजप्रकाशशमशेर जबराको भागमा परेको स्थानीय जानकार बताउँछन् । राणाशासनको



अन्त्यपछि पनि शासकहरू बसेका उक्त दरबारमा ०३३ सालपछि भने कोही पनि नबसेको बताइन्छ ।चुरे क्षेत्रमा पर्ने गर्भादरबार हावापानी, मौसम र भौगोलिकरूपमा अत्यन्त उपयुक्त भएकाले राणा शासकहरूले गर्भालाई रोजेको हुनसक्ने बुझाइ छ । मास पिसेर त्यसबाट निर्माण गरिएको दरबारमा ८३ झ्याल र ५३ ढोका छन् । १० रोपनी क्षेत्रफलमा फैलिएको यो दरबार तीन खण्ड र तीनतले छ । सुरक्षाका दृष्टिकोणले दरबारभित्र भुइँतले सुरुङसमेत बनाइएको छ । त्यो अहिले पुरिँदै गएको छ । राणा शासक खैरालाको दरबारबाट डोटी बर्छेनको च्युरी, मान्नाकापडीको भट्टेबाटा, गड्सेराको उदैनी, तेलेको जल्फु काफलीमा बास बस्दै डोटीको सिलगढी पुग्ने गरेको इतिहास खैरालाका बुढापाका सुनाउँछन् ।

दशक पुरानो राणाकालीन दरबार संरक्षण गर्नसके पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना छ । देशमा पटकपटक शासन व्यवस्था फेरिए पनि ऐतिहासिक महत्व बोकेको दरबारको मर्मतसम्भारमा ध्यान पुग्न नसकेको वडाध्यक्ष कृष्ण मल्लले बताए । दरबार संरक्षण गर्न पालिकाको बजेट पर्याप्त नहुने भएकाले संघ र प्रदेश सरकारले यसको संरक्षणका लागि बजेट विनियोजन गर्नुपर्ने स्थानीयको माग छ । पछिल्लोपटक स्थानीय सरकार आइसकेपछि दरबार सडक सञ्जालसँग जोडिएको छ ।

चुरे गाउँपालिकामा रहेका ६ वटै वडा सडक सञ्जालसँग जोडिएको गाउँपालिकाका उपाध्यक्ष दीपादेवी साउदले बताए । दरबारलाई सडक सञ्जालसँग जोडेपछि पछिल्लोपटक आन्तरिक पर्यटकको चहलपहल बढ्दै गएको छ । दरबार संरक्षणका लागि सुदूरपश्चिम प्रदेश सरकारले बजेट विनियोजन गर्दै आएको छ । तर त्यसको कार्यान्वयन हुनसकेको छैन । पुरातत्व विभागले भनेबमोजिम दरबारको पुनःनिर्माण गर्नुपर्ने भएकाले बजेट कार्यान्वयन हुन नसकेको सुदूरपश्चिम प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री दीर्घ सोडारीले बताए ।

दरबारको मर्मतका लागि पुरातत्व विभागको टोलीले स्थलगत अध्ययन गरेर गत वर्ष फर्किएको थियो । दरबार संरक्षणका लागि प्रदेश सरकारले पुरातत्व विभागसँग समन्वय गर्दै आएको मन्त्री सोडारीले बताए । कैलाली सदरमुकाम धनगढीबाट ४५ किलोमिटर उत्तर चुरे क्षेत्रमा पर्ने दरबारको प्रवर्द्धनमा सरकारले ध्यान दिए पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिने र यसबाट स्थानीयको जीवनस्तरमा सुधार गर्न सकिने स्थानीयको दावी छ ।

# 'छिनोफानो' मञ्चन



■ सौर्य समाचार

नुवाकोट । जनचेतनामूलक सडक नाटक 'छिनोफानो' मञ्चन सुरु भएको छ। पञ्चकन्या गाउँपालिकाको आयोजना एवं आदिइत्यादिको प्रस्तुति रहेको उक्त नाटक सामाजिक, राजनीतिक तथा सांस्कृतिक विषयमा केन्द्रित छ । गाउँपालिकाभित्रका ९ वटा माविमा मञ्चन गरिने यस नाटकमा स्थानीय उपभोक्ता समिति गठनमा हुने झैझगडा, विभिन्न सामाजिक, सांस्कृतिक तथा राजनैतिक समस्या लगायतको विषय समेटिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक विष्टले बताए । उनले भने, 'गाउँमा अझै पनि उपभोक्ता समिति कसरी गठन गर्ने भन्ने विषयमा अन्योलको अवस्था छ । उपभोक्ता समिति गठन, यसको काम कर्तव्य र अधिकारको बारेमा जनचेतना जगाउनु पर्ने अवस्था रहेका कारण हामीले यसै विषयमा केन्द्रित रही नाटक मञ्चन गरेका हौं ।' उनले गाउँमा अझै पनि विभिन्न समस्याहरु रहेको र तिनलाई सहज रुपमा समाधान निकाल्नका लागि नाटक उपयोगी रहेकाले मञ्चन गरिएको सुनाए । पञ्चकन्या गाउँपालिकाकी उपाध्यक्ष सीता पराजुली खड्काले अशिक्षाका, राजनीतिक तथा सामाजिक कारणले समाजमा रहेका समस्याको समाधानका निम्ति सूचना र जनचेतनाको प्रभावकारी माध्यम नाटक भएकाले मञ्चनको चाँजोपाँजो मिलाएको बताइन् । उनले भनिन्, 'समुदायमा रहेका विभिन्न समस्याको र सरकारी बजेटको सही सदुपयोग उपभोक्ता समितिबाट काम गर्दा हुन्छ भन्ने सन्देश नाटक 'छिनोफानो' ले दिएको छ ।' उनले जनचेतना जगाउने भरपर्दो कलात्मक माध्यम नाटक रहेकाले सर्वसाधारणले समेत सहज रुपमा यसमार्फत दिन खोजेको सन्देश बुझ्ने विचार व्यक्त गरिन् । पुरु लम्सालको लेखन तथा निर्देशन रहेको नाटक 'छिनोफानो' मा कलाकार सुशीलसिंह ठकुरी, सालिक भण्डारी, रिता थापा, शान्ति भट्टराई, दीपमाला परियार, अमृता श्रेष्ठ र रमण थामीको अभिनय छ। नाटकले सामाजिक सन्देशसँगै जागरण ल्याउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास आफूले लिएको निर्देशक लम्सालले बताए । उनले भने, 'सन्देशमूलक नाटकले समाजमा रहेका समस्या हल गर्न आमनागरिकलाई मद्दत गर्नेछ । साथै विद्यमान विकृति विसंगति हटाउनसमेत भूमिका खेल्ने आशा लिएका छौं ।' नाटक चैत ६ गतेदेखि ११ गतेसम्म पञ्चकन्या गाउँपालिकाभित्रका विभिन्न सामुदायिक विद्यालयमा प्रदर्शन गरिने जानकारी गाउँपालिकाकी कर्मचारी एवं नाटक प्रदर्शन कार्यक्रमकी सहजकर्ता सुलोचना गजुरेलले जानकारी दिइन् ।

# दुर्घटनामा गायत्रीको निधन

■ एजेन्सी

मुम्बई । दक्षिण भारतीय अभिनेत्री गायत्री उर्फ डोली डिक्रुजको सवारी दुर्घटनामा निधन भएको छ । दुर्घटना हैदराबादको गच्चीबोली क्षेत्रमा भएको थियो । तेलेगु चलचित्र उद्योगकी अभिनेत्री गायत्री साथीसँग कारमा यात्रा गरिरहेकी थिइन् । दुर्घटनामा उनको साथीको समेत निधन भएका छ। कार उनको साथीले चलाएकी थिइन् । कार सडक डिवाइडरसँग ठोकिएर दुर्घटना भएको भारतीय सञ्चार माध्यमले जनाएका छन् । २६ वर्षीय अभिनेत्री गायत्री वेब सिरिज 'मेडम सर मेडम अन्ते' बाट लोकप्रिय बनेकी थिइन् । गायत्री आफ्नो ग्ल्यामरस इन्स्टाग्राम पोस्टसँगै आफ्नो युट्युब च्यानल जलसा रायुडूका माध्यमबाट समेत चिनिएकी थिइन् । यसका साथै गायत्रीले कयौं लघुचलचित्रमा समेत काम गरेकी थिइन् ।


## जग्गा खरिद गर्ने बारे ७ दिने सूचना

यस संस्थामा रहेका तपसिलका जग्गाहरु मूल्य बढाबढबाट विक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति/संस्थाले सो जग्गाहरु बारेमा आफैले फिल्ड जाँची बुझी खरिद गर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र संस्थाको कार्यालय लगनखेल, ललितपुरमा आफैले लेखि तयार गरेको सिलबन्दी बोलपत्र निवेदन दिनुहुन अनुरोध गरिन्छ, साथै सबैभन्दा वढी कबुल गर्ने व्यक्ति/संस्थाको बोलकबोल स्वीकृत गरिने छ ।

| क्र.स. | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | काठमाण्डौं | छैमले | ४/च | १६८ | १-१३-२-० |
| २. | काठमाण्डौं | छैमले | ४/च | १६९ | १-१३-२-० |
| ३. | काठमाण्डौं | मुलपानी | १/क | ५४३ | ०-१२-०-० |
| ४. | काठमाण्डौं | सौखेल | ७/ख | १४५ | ०-५-०-० |
| ५. | ललितपुर | लामाटार | १/क | १९४ | ०-१३-२-२ |
| ६. | ललितपुर | बुंङ्गमती | ३/ख | १५२ | ०-५-१-० |

**गतिशील बचत तथा ऋण सहकारी संस्था लि.**
**साझा भवन, लगनखेल ललितपुर ।**
**फोन नं. ०१-५५२४५११**


पेगासस प्रिन्स एण्ड प्रिन्सेस

# गुरूङ र काफ्लेलाई उपाधि

■ सौर्य समाचार

काठमाडौं । लिटल पेगासस मन्टेश्वरीको आयोजनामा भएको 'पेगासस प्रिन्स २०२२' को उपाधि आरुस गुरुङले हात पारेका छन् । धापासीमा भएको प्रतिस्पर्धामा प्रि-वानका अध्ययनरत् गुरुङले उपाधि चुम्न सफल भएका हुन् । पेगासस प्रिन्सेसको उपाधि प्रि-वानमा अध्ययनरत् स्वर्णीम काफ्लेले जितिन् । बालमस्तिष्कमा सकारात्मक सोच तथा वृद्धि विकास ल्याउने उद्देश्यले पेगासस प्रिन्स एण्ड प्रिन्सेस २०२२ को आयोजना गरिएको थियो । संगीतकार तथा गायिका प्रेरणा कोइराला, मिस प्लेस टु २०१९ की विजेता दृष्टि राई, स्प्रिङ गार्डेन स्कुलकी प्रिन्सिपल नितु मानन्धर र मिस डंगोल २०१७ की फस्ट रनरअप यजु कर्माचार्यको छनोट समितिले पेगासस प्रिन्स र प्रिन्सेस २०२२ चयन गरेको थियो ।

आयोजकले प्रत्यक्ष र अनलाइन भोटमार्फत पनि विजेता छनोट गर्ने मापदण्ड आयोजकले तय गरेको थियो । त्यस्तै, विभिन्न विधामध्ये निर्वाणी कार्कीले ब्युटी विथ पर्पोजको उपाधि जित्दा मस्ट फोटोजेनिक ब्वाइजमा संकेत चौधरी र गर्ल्समा नियासा भण्डारीले सफलता पाए । छनोट समितिले मस्ट क्रिएटिभ अवार्ड दीपमाया गुरुङ र बेस्ट पर्सनालिटीको अवार्ड द्रोण चन्दलाई प्रदान गरे । सन् २०१७ देखि पेगासस प्रिन्स एन्ड प्रिन्सेस आयोजना हुँदै आएको छ । यस किसिमका कार्यक्रमले बालबालिकाको प्रस्तुतीकरण क्षमतामा विकास हुनसक्ने उद्देश्य स्वरूप आयोजनालाई निरन्तरता दिएको आयोजकले जनाएको छ ।

साथै पछिल्लो समय नेपालमा बालबालिकालाई लक्षित गरेर



सांगीतिक, अभिनय र अन्य विभिन्न किसिमका कार्यक्रमहरू भइरहेको अवस्थामा यसले त्यस क्षेत्रमा पनि सघाउ पुऱ्याउन सक्ने आयोजकले बताएको छ। सोही कार्यक्रममा बालबालिकाले गायन, नृत्य तथा विभिन्न किसिमका प्रतिभा प्रस्तुत गरेका थिए । बालकलाकार दर्शिल पन्त र मिमिक रानामगरले पनि प्रस्तुति दिएका थिए । उक्त कार्यक्रमको प्रमुख अतिथिमा पुल्चोक इन्जिनियरिङ क्याम्पसका प्रध्यापक हरिदर्शन श्रेष्ठ, विशेष अतिथिमा गंगालाल अस्पतालका मुटुरोग विशेषज्ञ डा.अमृत बोगटी र पूर्वमन्त्री नारायणभाई श्रेष्ठको उपस्थिति रहेको थियो । प्रमुख अतिथि हरिदर्शनले परिस्थिति अनुरूप बालबालिकालाई योग्य बनाउन यस्ता किसिमका कार्यक्रमले विशेष योगदान दिने बताए ।

# सिटौलाको नयाँ उपन्यास

■ सौर्य समाचार

काठमाडौं । लेखक विमल सिटौलाले लेखेको उपन्यास 'निर्दोष डेरावाल' बजारमा आएको छ । पुस्तकको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयमा शनिबार साहित्यकारद्वय पूर्व प्रा.डा. गोविन्दराज भट्टराई, अञ्जना वस्ती भट्टराई, साहित्यकार तथा शिक्षाविद् डा. सुरेन्द्र सिटौला, समालोचक साधना प्रतीक्षा, महेश पौडेल लगायतले संयुक्त रूपमा उक्त पुस्तकको विमोचन गरे ।



कार्यक्रममा प्रा.डा. भट्टाराईले विश्वविद्यालयमा लामो समयपछि एक विलक्षण प्रतिभाको जन्म भएको बताए । उनले मुग्लान उपन्यास निकाल्दा आफू २१ वर्षको ठिटो भएको स्मरण गर्दै लेखकले यो उमेरमा यति सशक्त कृति प्रकाशन गर्दा आफू हर्षविभोर भएको सुनाए । प्रा.डा. भट्टराईले करिब ४८ वर्षपछि क्याम्पसमा उदाएको लेखकमा प्रचुर कल्पनाशीलता भएको भन्दै प्रशंसा गरे ।

समालोचक महेश पौडेलले उपन्यास एउटा तिलस्मी भएको ठहर गरे । उनले समाजमा बदनाम भइसकेपछि त्यसबाट कसरी मुक्त हुने भन्ने प्रश्न उपन्यासले गरेको बताए । समीक्षक साधना प्रतीक्षाले आफ्ना सिर्जना चोरी हुँदा पीडा व्यक्त गर्न नसकेका बौद्धिक वर्गको मर्म उपन्यासले चित्रण गरेको बताइन् ।

त्यस्तै, अञ्जना वस्ती भट्टराईले लेखकमा गोविन्दराज भट्टराईको अनुहार देखेको धारणा राखिन् । साहित्यकार तथा शिक्षाविद् सुरेन्द्र सिटौलाले एक सशक्त लेखकको जन्म भएको भन्दै बधाई दिए । लेखक विमल सिटौलाले विश्वविद्यालयमा एक सेमेस्टारको अवलोकन र अनुभवपश्चात् यो उपन्यास लेख्न सुरु गरेको सुनाए । उनले आफू जापानिज राइटर हारुकी मुराकामीको लेखनबाट प्रभावित भएको बताए । पैरवी बुक हाउसले बजारमा ल्याएको उपन्यासको मूल्य ३७५ रुपैयाँ हो ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८।१२।१०

यस कम्पनीको मिति २०७८/०६/०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनी **शुभश्री एकेडेमिक इन्टरनेशनल कलेज प्रा. लि.** (Shubhashree Academic International college Pvt. Ltd.) (प्रा.लि.नं. २०४३५६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिस्टारको कार्यालयको मिति २०७८/०६/१३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **शुभश्री कलेज अफ म्यानेजमेन्ट प्रा. लि. (Shubhashree College of Management Pvt. Ltd.)** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## Madhya Nepal Municipality
## Office of Municipal Executive
## Bhorletar, Lamjung

## Invitation for Bid

**Date of publication: 2078-12-10 (MAR,24,2022)**

Madhya Nepal Municipality, Office of Municipal Executive, Bhorletar lamjung invites online bids under e-procurement system from eligible bidders for the construction of Projects mentioned below under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit bid only as per instructions within the mentioned period.

| IFB No. | Contact ID | Works Descriptions | Bid Document Fee | Bid Validity | Bid Security Amount and Validity | Estimated Amount (Including Vat) |
|---|---|---|---|---|---|---|
| 6/MUN/W/078/79 | 6/MUN/W/NCB/078-079 | Madhya Nepal water supply project | NRS 3000 | 120 days | Nrs.125000 | Nrs 4844203.8 |

**Chief Administrative Officer**



## Invitation for Electronic Bids

**Sundarharaincha Municipality**
**Office of Municipal Executive**
**Biratchowk, Morang, Province No. 1, Nepal**
**Date of Third publication: 2078/12/10**

1. The Sundarharaincha Municipality, Office of Municipal Executiveinvites electronic bids from eligible bidders for the procurement of following Works under following bidding procedures specified in Public Procurement Act and Regulations. The estimated amount is stated below.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Sundarharaincha Municipality, Biratchowk, Morang, Province No. 1, Nepal*** or may visit e-GP system: www.bolpatra.gov.np/egp .
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document as stated in table below in the following .
   **Name of the Bank:** Agricultural Development Bank Ltd.
   Office **Account no:** 0100201277009016
   **Office Code No.** :305011301
   **Rajasow Sirsak No.** 14229
   Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Sundarharaincha Municipality on or before as stated in table below.
4. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 01:00 PM as stated date below in table at the office of Sundarharaincha Municipality, Biratchowk, Morang. Bids must be valid for a period of **90** Days counting from the day of bid opening in case of NCB and must be accompanied by bid security, amounting to a minimum of as stated in table below, which shall be valid for minimum **30 days** beyond the bid validity period. For Cash Deposit Bank details:
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality
   Office Account No.: **0601501147630030**
5. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
6. Any change or amendment on notice or bid document will be published on e-GP system: www.bolpatra.gov.np/egp or office website: www.sundarharaichamun.gov.np or office notice board.
7. The Employer reserves right to accept or reject, wholly or partially any or all bids without assigning any reason, whatsoever. For further enquiry contact: 021545050 or Email : sundarharaichamun@gmail.com

| S. N. | Contract ID | Description of Works | Estimated Amount ( Without VAT & Contingency) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Submission Date | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1. | SHM/MOR/TMPP/NCB/W/08/2078/079 | Blacktop Road Construction Works of Sikkime Chowk – Gurung Tole – Tulashi Chowk Road, Sundarharaicha - 5 | 4416840.91 | 3000 | 128000.00 | 2078-12-17 12:00Noon | 2078-12-17 01:00 PM | NCB |

**Chief Administrative Officer**

सौर्य दैनिक आर्थिक

MILLENNIUM CHALLENGE CORPORATION UNITED STATES OF AMERICA

अमेरिकी नियोग मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी)को अनुदान सहयोगमा बन्ने विद्युतीय प्रसारण लाइनका लागि नुवाकोटको रातामाटेमा बन्ने सब-स्टेशनको जग्गा खाली गर्न सूचना जारी भएको छ। मिलेनियम च्यालेञ्ज अकाउन्ट (एमसीए) नेपालले एक सूचना जारी गर्दै रातामाटेमा सबस्टेशन बनाउने क्षेत्रको जग्गा खाली गर्न भनेको हो

नेपाल राष्ट्र बैंकले नाफा कमाउने फर्म तथा कम्पनीले पुनर्कर्जा लिन नयाँ नियम बनाएको छ। पुनर्कर्जा कार्यविधि २०७७ को चौथो संशोधन गर्दै राष्ट्र बैंकले त्यस्तो व्यवस्था गरेको हो। संशोधित कार्यविधिमा कुनै पनि फर्म वा कम्पनीले पुनर्कर्जा प्राप्त गर्न पछिल्लो २ आर्थिक वर्षमा औसत ३ प्रतिशत भन्दा बढी रिटर्न अन इक्विटी हुन नहुने व्यवस्था गरेको छ




### ऊर्जा संकटको संकेत

# भारतबाट विद्युत् आयात रोकियो




**■ सौर्य समाचार**

काठमाडौं । भारतीय बजारबाट आयात भइरहेको बिद्युत् रोकिएको छ । प्रतिस्पर्धाका आधारमा प्राधिकरणले हरेक दिन बिडिङ गरेर किन्न गरिएकोमा अहिले बिडिङमा नपरेकाले आयात रोक्किएको हो । सो कुरालाई नेपाल विद्युत प्राधिकरणका प्रवक्ता सुरेश भट्टराईले पनि स्वीकार गरेका छन् ।

भारतबाट आइरहेको १२ हजार मेगावाट आवर बिजुली रोक्किएको छ । जस्को कारण माग र आपूर्तिमा समस्या आएकाले उद्योगहरुलाई कम उत्पादन गर्न प्राधिकरणले आग्रह गरेको छ । भारतबाट विद्युत आयात बन्द भएसँगै भैरहवा क्षेत्रका उद्योग व्यवसाय प्रभावित भएका छन् ।

भारतको विहार सरकारले नेपाललाई बिजुली बिक्री गर्न नसक्ने बताएको छ । बिहारले उर्जा संकट सिर्जना भएकाले सहज अवस्था नभएसम्म बिजुली दिन सक्दैनौ भनेर जानकारी दिइसकेको छ । सोही कारणले विद्युत आपूर्तिमा समस्या सिर्जना भएको हो । भैरहवा क्षेत्रमा मात्रै गए रातिबाट विजुली कटौती गर्ने काम भएको उद्योगपति पशुपति मुरारकाले बताएका छन । भारतमा ऊर्जाको माग अत्यधिक बढेको तर उत्पादन घटेको कारण उसको ऊर्जा बजारमा बिजुलीको भाउ बुधबार प्रतियुनिट ३२ रुपैयाँ र औसत प्रतियुनिट १७ रुपैयाँ ९६ पैसा पुगेको छ ।

यो दरमा प्रसारण शुल्क प्रतियुनिट १ रुपैयाँ, चुहावट प्रतियुनिट ४ दशमलव ९४ पैसा समेत जोड्दा एक युनिट बिजुलीको ३७ रुपैयाँ ९५ पैसा पर्न गएको हो । जबकि प्राधिकरणको औसत बिक्री दर प्रतियुनिट १० रुपैयाँ ९२ पैसा छ । भारतको इनर्जी एक्सचेञ्ज (आईईएक्स) बाट खरिद गरेर ल्याएको बिजुली नेपालमा बेच्दा प्राधिकरणलाई प्रतियुनिट २७ रुपैयाँभन्दा बढी घाटा पर्ने देखिएको छ ।

प्राधिकरणले विद्युत खरीद सम्झौता (पीपीए) रोकेकोमा ब्यवसायीहरुले असन्तुष्टि पोखेको छन । एउटा आयोजना बनाउन करिव पाँच बर्ष लाग्ने र बर्खामा बिजुली धेरै उत्पादन हुने कुरालाई देखाएर माग बढिरहेको बेला पीपीए रोक्नु गलत भएको ब्यवसायीको भनाई छ ।

प्राधिकरणले सकेसम्म लोडसेडिङ हुन नदिने बताएको छ । भारतमा बत्ति निकै महंगो भएको र हरेक दिन टेण्डर गर्दै आएकोमा प्राधिकरण बिडिङमा परेको छैन । भारतको बिजुली रोक्किएपछि बिद्युत आपूर्ति नपुगेका ठाउँमा बिजुली पुऱ्याउने तयारीमा प्राधिकरण रहेको छ । तर कहाँबाट बिद्युत् ल्याउने भन्ने खाका भने प्राधिरण संग रहेको छैन ।

रुस-युक्रेन युद्धपछि भारतमा आउने कोइलाको आपूर्ति पनि प्रभावित भएकोले त्यहाँ समस्या उत्पन्न भएको छ । युद्धअघि नै आकासिएको कोइलाको मूल्यका कारण गत अक्टोबरमै भारतमा ऊर्जा संकट सुरु भइसकेको थियो । सुख्खा मौसमले भारतका हाइड्रोपावरको उत्पादन पनि घटेको छ । गत बर्षभन्दा करिव २५ प्रतिशतले माग बढेको छ ।

गत १ जनवरी, २०२२ सम्मको तथ्यांकमा कोइलाबाट उत्पादन हुने बिजुलीको जडित क्षमता २ लाख तीन हजार ९ सय मेगावाट रहेको भारतको केन्द्रीय विद्युत् प्राधिकरणको तथ्यांकमा छ । गत जनवरी-सेप्टेम्बरको तथ्यांअनुसार भारतले ११ करोड ६५ लाख मेट्रिक टन कोइला आयात गरेको थियो । विश्वमा चीनपछि सबैभन्दा धेरै कोइला आयात गर्ने देश भारत हो । कोइलामा अत्यधिक निर्भर भारतले यसको आयात घटेका कारण उसको इनर्जी एक्सचेञ्जमा विद्युत्को भाउ अत्यधिक बढ्न पुगेको हो ।

## उद्योगमा गरिएको लोडसेडिङ समाधान गर्न निर्देशन

काठमाडौं । व्यवसायीहरुले उद्योग, कलकारखानामा मंगलबारदेखी बिजुली कटौती भएको गुनासो गरेपछि अर्थमन्त्री जनार्दन शर्मा प्रभाकरले नेपाल बिद्युत प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई फोन गरेर समस्या समाधान गर्न निर्देशन दिएका छन् । बुधबार दिउँसो प्रबन्ध निर्देशक घिसिङलाई फोन गरी बिजुली आपूर्ती र बितरणको अवस्थाबारे अर्थमन्त्री शर्माले जानकारी लिएका हुन । सोही क्रममा हाल देखिएको समस्या तत्काल सम्बोधन गरी उद्योग, कलकारखानामा उपलब्ध गराइरहेको बिजुली नियमित गर्न उनले निर्देशन दिएका हुन । ‘अहिलेको जे समस्या हो, त्यसलाई चाँडो हल गरी उद्योगहरुमा मागअनुसार नियमित रुपमा बिजुली उपलब्ध गराउनुहोला’ प्रबन्ध निर्देशक घिसिङलाई निर्देशन दिदै अर्थमन्त्री शर्माले भने। बुधबार दिउँसो अर्थ मन्त्रालयमा बीरगञ्ज उद्योग बाणिज्य संघका पदाधिकारीहरु मन्त्री शर्मालाई भेट गर्न आएका थिए । सोही बेला उद्योगी व्यवसायीले मंगलबारदेखी उद्योगमा बिजुली कटौती भएको गुनासो राखेका हुन । त्यसपछि अर्थमन्त्री शर्माले तत्कालै बिद्युत प्राधिकरणका प्रबन्ध निर्देशक घिसिङलाई फोन गरी बिजुली आपूर्ती सहज गर्न निर्देशन दिएका थिए ।

सो भेटमा बीरगञ्जका उद्योगी व्यवसायीले आफुले भोगिरहेको समस्या सुनाउँदै आगामी बजेट निर्माणमा सघाउ पुग्ने महत्वपूर्ण सुझाव दिए । बीरगञ्ज उद्योग बाणिज्य संघका अध्यक्ष सुबोधकुमार गुप्ताको नेतृत्वमा आएको टोलीले मंगलबारदेखी उद्योगमा लोडसेडिङ भएकाले समस्यामा परेको, बैंकमा धरौटी राखेको पैसाको ब्याज आउने वातावरण मिलाइदिनुपर्ने, कृषि क्षेत्रमा तोकिएको सिमाअनुसार बैंकले कर्जा बितरण गर्नुपर्ने, सामाजिक सरक्षा कोषलाई शंशोधन गरी उद्योगी र कर्मचारीमैत्री बनाउनुपर्न, स्वास्थ्य-शिक्षासहित गाँस, बास, कपासका उद्योगलाई आयकरमा छुट व्यवस्था हुनुपर्ने लगायतका सुझाव दिएका छन । ‘भन्सार मूल्यांकनमा थप सहजता चाहिन्छ । सेजमा स्थापना हुने उद्योगलाई निर्यातमा गरिएको प्रावधान केही खुकुलो बनाउने तथा आयकरमा विशेष सहुलियत हुनुपर्छ’ अध्यक्ष गुप्ताको सुझाव थियो। संघका महासचिव मनोजकुमार दासले भन्सार कार्यालयहरुमा कर बापत तिर्नुपर्ने रकम बुझाउँदा लामो समय लाग्ने गरेको गुनासो गरे । ‘कनेक्ट आइपिएसबाट पैसा पठाउँदा तुरुन्तै भुक्तानी हुन्छ तर भन्सारको प्रणालीमा पैसा पठाउँदा तीन घण्टा लाग्छ । यसलाई सरलीकरण गरिदिनुपऱ्यो’ उनले भने। महासचिव दासले यस्तो गुनासो गरेपछि अर्थमन्त्री शर्माले तत्कालै भन्सार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईलाई फोन गरी समस्याबारे जानकारी लिई सफ्टवेयर प्रणालीमा छिटो सुधार गर्न निर्देशन दिएका थिए ।

मन्त्री शर्माले व्यवसायीलाई सम्बोधन गर्दै बजेटको पूर्वसन्ध्यामा दिइएको सुझावलाई कार्यान्वयन गर्ने बताए । उनले चालू आबमा ल्याइएको प्रतिस्थापन विधेयकले नै निजी क्षेत्रलाई सहजीकरण गर्ने सरकारको घोषित नीति भएको स्मरण गराउँदै सबै उद्योगीको समस्या समाधान गर्न तयार रहेको बताए । उनले आयातमा सुधार गर्न सिमा क्षेत्रका नेपाली बजारमा ठूला घर, राम्रा पसल र सुविधाजनक कारोबार गरी भारतीय उपभोक्तालाई समेत आकर्षण गर्ने बाताबरण सृजना गर्न पनि आग्रह गरे ।

### प्रथम राष्ट्रिय अर्थशास्त्री सम्मेलन

## समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा जोड




**■ सौर्य समाचार**

काठमाडौ । समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको कार्यदिशामाथि छलफल गर्न प्रथम राष्ट्रिय अर्थशास्त्री सम्मेलन २०७८ आयोजना हुने भएको छ । राष्ट्रिय आर्थिक सरोकार समाज नेपालको आयोजनामा ११ र १२ चैतमा हुने सम्मेलनमा समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको कार्यदिशाका साथै नेपाली अर्थतन्त्रको समसामयिक मुद्दाहरुको बारेमा गहन छलफल हुने संस्थाका अध्यक्ष गंगा बहादुर थापाले बताएका हुन ।

कार्यक्रममा अर्थमन्त्री, पूर्वप्रधानमन्त्री, योजना आयोग, नेपाल राष्ट्र बैंक, उद्योग बाणिज्य महासंघ तथा प्रमुख राजनैतिक दलका प्रतिनिधि तथा विश्वविद्यालयका पदाधिकारीको सहभागिता रहने उल्लेख छ । धेरै बर्ष देखी न्युन आर्थिक वृद्धि, गरीवी, असमानता, वेरोजगारी, निर्वाहमुखी कृषि, न्युन पुँजीगत खर्च, उच्च मुद्रा स्फिति, उच्च व्यपार घाटा, कमजोर पुर्वाधार तथा औधौगिक आधार, विप्रेषणमुखी अर्थतन्त्र, आयातमुखी राजश्व जस्ता आर्थिक मुद्धाहरुमा बहस गरी समाधान सहित सरकार र प्रमुख राजैनैतिक दलहरुलाई कार्यान्वयन गर्न सुझाव दिनु पनि सम्मेलनको प्रमुख उद्धेश्य रहेको छ ।सम्मेलनमा अहिलेको अर्थतन्त्रका जल्दो-बल्दो मुद्धाहरुको विषयमा ९ वटा विषयमा पेपर प्रस्तुत हुने जनाइएको छ । प्रस्तुत हुने पेपरहरुमा नेपाली अर्थतन्त्रको परिदृष्य र समसामयिक मुद्धाहरुलाई समावेश गरिने छ । सम्मेलनमा समाजवाद उन्मुख समुन्नत अर्थतन्त्र निर्माणका लागि साझा आर्थिक एजेन्डाको बारेमा गोलमेच छलफल समेत हुने उल्लेख छ । कार्यक्रममा प्रस्तुत पेपर र छलफलका निश्कर्षलाई प्रोसिडिङको रुपमा प्रकाशन गरी विभिन्न निकायहरुमा सुझावको रुपमा पेश हुने पनि केन्द्रले जनाएको छ ।

# तीन खम्बे कृषि नीतिले आत्मनिर्भर



**■ सौर्य समाचार**

काठमाडौँ । नेपाल चेम्बर अफ कमर्सले तीन खम्बे कृषि नीति अन्तर्गत सरकारसँग सहकार्य गरेर आत्मनिर्भर बन्न सक्ने बताएको छ । बाँझो जमिन उपयोग मार्फत कृषि उत्पादन अभियान शुरु गरेको चेम्बरले सरकार, निजी क्षेत्र र सहकारी मार्फत उत्पादनदेखि बजारी करणसम्म सहकार्य गर्न सरकारसँग प्रस्ताव गरेको हो ।

बुधबार कृषि तथा पशुपन्छी विकास मन्त्री महेन्द्र राय यादवसँग चेम्बरले आत्मनिर्भर कृषिका लागि सहकार्य गर्न प्रस्ताव गरेको हो । चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले कृषि उत्पादनदेखि बजारी करणलाई सहकारीको अवधारणामा लैजानुपर्ने बताएका थिए । कृषि प्रधान मुलुकमा वार्षिक ५० अर्व ५३ करोड रुपैयाँ बराबरको खाद्यन्न आयात हुनु मुलुक कै लागि दुर्भाग्य भएको उनको भनाई थियो । आफ्नै जमिन बाँझो राखेर चामल, मकै, तरकारी, फलफुल, घिउ तेल, चिनी समेत आयत गर्दा मुलुकले थेग्नै नसक्ने गरि व्यापार घाटा बढेकोमा पनि चेम्वरले जोड दिएको छ ।

सरकारले उपयुक्त लगानीको वातावरण बनाइदिने हो भने निजी क्षेत्र कृषिमा लगानी गर्न तयार रहेको भन्दै चेम्वरले किसानको उत्पादन देखि बजारीकरण राज्यले साथ दिन आवश्यक भएको बताए । खेती किसानीमा लाग्ने कृषकलाई राज्यले सहुलियत ऋणसँगै अनुदानको व्यवस्था गर्न आवश्यक भएको चेम्वरको ठहर छ । कृषि क्षेत्रमा लगानी गर्नेलाई राज्यले अनुदान दिएपनि प्रभावकारी हुन नसकेको र सरकारसँग कृषि अनुदान लिएर जग्गाको कारोबार भईरहेको गुनासो पनि बढेको चेम्वरले बताएको छ ।

**आफ्नै जमिन बाँझो राखेर चामल, मकै, तरकारी, फलफुल, घिउ तेल, चिनी समेत आयत गर्दा मुलुकले थेग्नै नसक्ने गरि व्यापार घाटा बढेको नेपाल चेम्वर अफ कमर्शको निस्कर्ष**

३० प्रतिशत बाँझो जमिनलाई उत्पादनमुलक क्षेत्रमा लगाउन सरकार, निजी क्षेत्र र सहकारीले सहकार्य गर्नुपर्नेमा उनले जोड दिएका छन । चेम्बरले ७७ वटै जिल्ला कार्यसमिति र अन्य सरोकारवाला निकायसँग सहकार्य मार्फत कृषि उत्पादन अभियान शुरु गरेको पनि जनाएको छ । युवाहरुलाई व्यवसायिक खेतीतर्फ आकर्षित गर्न चेम्बरले आवश्यक सवै समन्वय गर्ने जनाएको छ । सो अवसरमा कृषि मन्त्री यादवले कृषिमा उत्पादकत्व वृद्धि तथा कृषक मैत्री वातावरण बनाउन सरकार लागि परेको बताएका थिए । कृषिमा पर्याप्त बजेट नहुँदा पनि अपेक्षा अनुसारको काम हुन नसकेको मन्त्री यादवको भनाई छ । कृषिमा तीन खम्बे अर्थनीतिको लागि आफुले पहल गरिरहेको र कृषि उत्पादनको बजार सुनिश्चितताका लागि मन्त्रालयमा काम भईरहेको उनले बताएका छन् ।

## कर्पोरेट

### मेगा बैंकको सिइओ खुञ्जेलीलाई उत्कृष्ट अवार्ड




काठमाडौं । मेगा बैंक नेपाल लिमिटेडले एकैसाथ दुई वटा अन्तर्राष्ट्रिय अवार्ड जितेको छ । मेगा बैंकले ‘बेष्ट सीएसआर कमर्शियल बैंक नेपाल अवार्ड २०२२’ र मेगा बैंककी सिइओ अनुपमा खुञ्जेलीले ‘वुमन बैंकिङ सिइओ अफ दि एयर अवार्ड, २०२२’ जितेकी हुन । सिंगापुरस्थित वर्ल्ड बिजनेश आउटलुकका अनुसार, सामाजिक संस्थागत उत्तरदायित्व अन्तरगत नेपालको बिभिन्न सामाजिक क्षेत्रमा बैंकले उत्कृष्ट योगदान गरेबापत ‘बेष्ट सीएसआर कमर्शियल बैंक नेपाल अवार्ड, २०२२’ प्रदान गरिएको हो । स्थापनाकालदेखि नै सामाजिक उत्तरदायित्व वहनलाई समुदायमा बैंक र यसको सोचलाई स्थापित गराउँदै आएको बैंकले गत आर्थिक बर्ष १ करोड ३५ लाख कोभिडको रोकथाम तथा उपचारका निमित्त राष्ट्रिय तथा प्रादेशिक कोषमा उपलब्ध गराएको थियो । यस वर्ष संघिय, प्रादेशिक वा पालिकास्तरीय अस्पतालको आकस्मिक कक्ष तथा बालकक्षको सुधार उपचारार्थ खर्च गर्ने नीति बैकले लिएको छ ।

शिक्षामा बालिकाको पहुँचलाई स्थापित गर्दै महिला सशक्तिकरणमा टेवा पुऱ्याउन र मेगा बैंकमै रोजगारीको अवसर सृजना गर्न बैंकले ‘एक शाखा दुई छोरी’ कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत ३ सय ९० जना छात्राहरुलाई वार्षिक रुपमा ४३ लाख रुपैया बराबरको छात्रवृति उपलब्ध गराएको छ ।

### प्रदेश १ मा सिद्धार्थ बैंकको क्षेत्रीय कार्यालय



काठमाडौं । सिद्धार्थ बैंक लिमिटेडले प्रदेश १ विराटनगरमा नवनिर्मित भवनमा बैंकको प्रदेश १ क्षेत्रीय कार्यालय विस्तार गरेको छ । उक्त भवनको उद्घाटन बैंकका सञ्चालक समितिका अध्यक्ष मनोज कुमार केडियाले गरेका हुन । भवनको उद्घाटन समारोहमा उद्योगी, व्यापारी तथा विभिन्न संघसस्थाका प्रमुख अगुवाको उपस्थिति रहेको थियो ।

विभिन्न वर्गका ग्राहक, व्यापारी तथा उद्योगीमाझ उच्चस्तरीय बैंकिङ सेवा प्रदान गर्ने उद्देश्यका साथ उक्त कार्यालयको निर्माण गरिएको हो । अत्याधुनिक प्रविधिमैत्री बैंकिग मार्फत आम ग्राहकसमक्ष सेवा प्रदान गर्ने उद्देश्यका साथै देशको अर्थतन्त्रलाई सम्बृद्ध एवं सुदृढ बनाउन नव स्थापित बैंकको भवन मार्फत प्रदान गरिने सेवाको अहम भूमिका रहनमा बैंक विश्वस्त रहेको छ । साथै यसअघि विराटनगर स्थित वडा नं ७ मेनरोडबाट सेवा प्रदान गर्दै आइरहेको विराटनगर शाखालाई समेत उक्त भवनमा स्थानान्तरण गरिएको छ ।


सबैक्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बैंकले देशभर १ सय ९० शाखा, २ सय ८ वटा एटिएम्, १ सय १४ शाखारहित बैंकिग सेवा र १ हजार ५ सय भन्दा बढी पिओएस् मेसिन मार्फत उच्चस्तरीय बैंकिङ सेवा प्रदान गर्दै आएको पनि विज्ञप्तिमा उल्लेख छ ।

### सिराहाको मिर्चैयामा सानिमा बैंक



काठमाडौं । सानिमा बैंक लिमिटेडले सिराहाको मिर्चैयामा बैंक शाखा स्थापना गरी बैंकिग सेवा विस्तार गरेको छ । उक्त शाखा कार्यालयको उद्घाटन ब्रान्ड प्रवर्द्धक वरिष्ठ कलाकारद्वय मदन कृष्ण श्रेष्ठ, हरिवंश आचार्य र सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डेले संयुक्त रुपमा गरेका हुन् । उद्घाटन समारोहमा मह जोडीले सिराहाको मिर्चैयामा सानिमा बैंकको शाखा संचालनमा आएकोमा बैंकलाई बधाई ज्ञापन गर्दै सबल अनि विश्वसनीय बैंकको रुपमा निरन्तर विस्तार हुन र थप सफलताको लागि शुभकामना व्यक्त गरेका थिए । त्यसैगरी बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डेद्वारा बैंकका ग्राहक तथा सरोकारवालालाई निरन्तर सहयोग तथा संरक्षणका लागि कृतज्ञता व्यक्त गरे । बैंकको देशका सातै प्रदेशमा १२५ कार्यालय र ११४ वटा ए.टि.एम. संचालनमा रहेको पनि विज्ञप्तिमा उल्लेख छ ।

### ज्योति विकास बैंकद्वारा बेबी वार्मर प्रदान



काठमाडौं । ज्योति विकास बैंकले ‘हाम्रो विकास प्रवर्द्धन कोष’ मार्फत म्यागङ गाउँपालिका वडा नं.३ देउराली - नुवाकोट स्थित देउराली प्राथमिक स्वास्थ्य केन्द्रलाई राष्ट्रिय आविष्कार केन्द्रद्वारा स्वदेशमै निर्मित बेबी वार्मर प्रदान गरेको छ। बेबी वार्मरले नवजात शिशुको शारिरिक तापक्रम उचित बनाई राख्न सहयोग गर्ने छ ।

एक कार्यक्रमको वीच बैंकका तर्फबाट बैंकका नुवाकोट र धादिङ क्षेत्रका प्रमुख रबिन रेग्मी र देउराली शाखा प्रबन्धक हर्क बहादुर तामाङद्वारा म्यागङ गाउँपालिका वडा नं. ३ का अध्यक्ष हरि बहादुर तामाङको उपस्थिमा सामरी स्वास्थ्य केन्द्रलाई सो बेबी वार्मर औपचारिक रुपमा हस्तान्तरण गरिएको थियो । साथै सोहि कार्यक्रमका बीच अस्पतालका डाक्टर, नर्स लगायत विभिन्न सम्बन्धित कर्मचारीलाई बेबी वार्मर संचालन सम्बन्धि विशेष तालिम पनि प्रदान गराईएको थियो ।

### आइएमई र मिदासबीच सहकार्य

काठमाडौं । आइएमई ग्रुपद्वारा प्रवर्द्धित आइएमई र विगत दुई दशकदेखि विद्यार्थीको सिकाईलाई ई-लर्निङ मार्फत सहज बनाउने कार्य गर्दै आएको मिदास एजुकेशन प्रालि सँगको सहकार्यमा ई-लर्निङ प्रवर्द्धन अभियान सुरु गरेको छ । सोही अभियान २२ मार्च २०२२ देखि १४ मे २०२२ सम्म ५४ दिनको लागि लागु गरिएको छ । यस अभियानमा, नेपालमा सफलतापूर्वक विदेशबाट आइएमई मार्फत रकम पठाउँदा भुक्तानी गरिसकेपछि आइएमईका अन्तर्राष्ट्रिय साझेदारबाट डाउनलोड लिंकसहितको एसएमएस र लाभार्थीलाई प्रोमो कोड पठाइनेछ । लाभार्थीले आफ्नो मोबाइलमा प्राप्त लिंकमा क्लिक गरेर मिडास इ क्लास सरलीकरण शिक्षा एप इन्स्टलन्ट गरी यो सेवा लिन सकिने छ ।

### काठमाडौं, पोखरा र चितवनमा वर्ल्डलिंकको कन्सर्ट




काठमाडौं । इन्टरनेट सेवाप्रदायक कम्पनी वर्ल्डलिंक कम्युनिकेसन्स लिमिटेडले कीर्तिमानी आरोही तथा चर्चित डकुमेन्ट्री ‘१४ पिक्स’का निर्मल पुर्जाको उपस्थितिमा कन्सर्ट आयोजना गर्ने भएको छ। कम्पनीले १० चैतमा चितवनमा तथा १२ चैतमा पोखरा र काठमाडौंमा ‘वर्ल्डलिंक कार्निभल २.०’ आयोजना गर्ने जनाएको छ ।

हाल बेलायतमा रहेका पुर्जा १० नेपाल आइपुग्ने छन् । सोही दिन गृहनगर चितवन महानगरपालिकाले उनको सम्मानमा नगर परिक्रमा सहित विशेष कार्यक्रम आयोजना गर्ने जनाएको छ । नारायणीको तिरमा साँझ साढे ४ बजेदेखि हुने उक्त कार्यक्रमलाई वर्ल्डलिंकले मुख्य प्रायोजन गर्नेछ । त्यसक्रममा निर्मल पुर्जाको साथमा ठूलो स्क्रिनमा ‘१४ पिक्स’ डकुमेन्ट्री हेर्ने कार्यक्रम समेत राखिएको विज्ञप्तिमा उल्लेख छ ।

### एनक्याप सेफ्टी रेटिङमा ग्रेट वाल मोटरको हाभल एच ६



काठमाडौँ । ग्रेट वाल मोटर्स हाभल एच ६ ले अस्ट्रेलेसियन न्यू कार एसेसमेन्ट प्रोग्राम (एनक्याप) क्र्यास परिक्षणमा हालको २०२०-२०२२ सुरक्षा प्रोटोकलका लागि फाइभ-स्टार प्राप्त गरेको छ। जि. डब्लु.एम पिक-अप पावर पछि यस्तो उच्च मूल्यकन प्राप्त गर्ने एच ६ जि. डब्लु.एम को दोस्रो गाडी हो ।

हाभल एच ६ ले एडल्ट अकुप्यान्ट प्रोटेक्सनमा ९० प्रतिशत, चाइल्ड अकुप्यान्ट प्रोटेक्सनमा ८८ प्रतिशत, भल्नरेबल रोड युजर प्रोटेक्सनमा ७३ प्रतिशत र सेफ्टी असिस्टमा ८१ प्रतिशत स्कोर ल्याउँदै फाइभ-स्टार सुरक्षा मूल्याङ्कन प्राप्त गर्न सफल भएको छ ।एनक्यापको अनुसार हाभल एच ६ ले साइड इफेक्ट र अब्लिक पोल टेस्ट, फ्रन्ट-र-रियर-सिट अक्युप्यान्ट ह्विप्ल्यास प्रोटेक्सन र फ्रन्टल अफसेट टेस्टमा फ्रन्ट-सिट प्यासेन्जर प्रोटेक्सनमा पूर्णांक पाएको छ। हाभाल एच ६ को सक्रिय सुरक्षा सुविधालाई एकक्यापले तारिफ गर्दे सबै आपतकालिन लेन राख्ने परिक्षण अवस्थासँगै कार-टु-कार र कार-टु-साइक्लिस्ट अटोनेमस इमर्जेन्सी ब्रेकिङ क्षमताहरुलाई मुल्याकंन गरेको पनि विज्ञप्तिमा उल्लेख छ। यस्को बजार मूल्य १ करोड ३ लाख ९९ हजार रुपैयाँ रहेको छ ।

का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४




लुम्बिनी जनरल इस्योरेन्स कम्पनीको प्रायोजनमा यसै साता रोयल नेपाल गल्फ क्लबमा ओपन गल्फ प्रतियोगिता हुने भएको छ

# सौर्य खेलकुद

विश्व नम्बर एक अष्ट्रेलियन टेनिस खेलाडी अस्लेग बार्टीले २५ वर्षको उमेरमा सन्यास घोषणा गरेकी छिन्



## एनएसएल पूर्व निर्धारित मितिमै गर्न एन्फाको स्वीकृति




**सौर्य समाचार**

काठमाडौं । नेपाल सुपर लिग (एनएसएल) पूर्व निर्धारित मिति अनुसार नै हुने भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) ले बुधबार एनएसएलको आयोजक नेपाल स्पोर्टस् एण्ड इभेन्ट मेनेजमेन्ट (एनएसइएम) प्रालिका प्रमुख कार्यकारी अधिकृत सुदीप शर्मालाई पत्र पठाउँदै आयोजनाको लागि अनुमति प्रदान गरेको जानकारी गराएको छ ।

एनएसएलको दोस्रो संस्करण चैत २५ देखि जेठ १ गते सम्म आयोजना गर्न अनुमति माग बमोजिम सोहि दिनमा सञ्चालन गर्न स्वीकृति दिएको एन्फाले पत्रमा लेखेको छ । एनएसएलका कारण उत्पन्न विवाद समाधानका लागि एन्फाले अध्यक्ष कर्मा छिरिङ शेर्पाको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन गरेको थियो । एनएसएलका कारण फुटबलमा अन्यौलता बढेको भन्दै विरोधमा रहेका ए डिभिजनका ४ क्लबका प्रतिनिधि र एनएसएल आयोजकसँग बुधबार कार्यदलले अलग अलग छलफल गरेको थियो ।

एन्फाले आवश्यक छलफल गर्नुपर्ने भन्दै आइतबारका लागि एनएसइएमले तय गरेको टाइसिट ड्र रोक्न भनेको थियो । त्यसअघि फागुन २० गतेका लागि तय भएको खेलाडी अक्सन भने एनएसइएमले रोकेको थिएन । अक्सनमा रहेका कतिपय खेलाडीको ए डिभिजन क्लबमा आबद्ध रहेकोले दोहोरो सम्झौताले कठिनाई हुने भन्दै न्युरोड टिम (एनआरटी), मनाङ मस्याङ्दी क्लब, श्री स्टार क्लब र संकटा क्लबले विरोध जनाउँदै आएको थियो ।

यसपटकको एनएसएल आयोजना पछि अहिलेको सम्झौता स्वत खारेज हुने निर्णय भएको कार्यदलका सदस्य समेत रहेका एन्फा उपाध्यक्ष उपेन्द्रमान सिंहले जानकारी दिए । 'यसपटक एनएसएल आयोजना भएपछि अहिले सम्झौता स्वतः खारेज हुनेछ, उनले भने,'त्यसपछि एन्फाको नयाँ निर्वाचित हुने कार्यसमितिले फुटबलका सबैपक्षसँग छलफल गरेर नयाँ सम्झौता गर्नेछ ।'

कार्यदलले बुधबार साँझ नै असन्तुष्ट क्लबका पदाधिकारीसँग छलफल गर्ने तयारी भइरहेको पनि सिंहले जानकारी दिए । उनले 'एनएसएलका सम्बन्धमा क्लबहरुले उठाएको विषय छलफल गरेर एउटा निष्कर्षमा पुग्ने गरि छलफल गर्नेछौं ।' एनएसइएमका प्रमुख कार्यकारी अधिकृत शर्माले अक्सनमार्फत विक्री भएका खेलाडीका विषयमा फेन्चाइज टोलीले सम्बन्धित ए डिभिजन क्लबसँग आपसी सहमतिमा टुंगाउनुपर्ने बताएका छन् ।

यसपटक एनएसएलमा १० टोलीले प्रतिस्पर्धा गर्दैछन् । यसै वर्ष वैशाख/ जेठमा भएको एनएसएलको पहिलो संस्करणमा ७ टोलीको सहभागिता थियो । पहिलो संस्करण काठमाडौं रेन्जर्सले जितेको थियो । १० टोलीले नै मार्की खेलाडीसँगै मुख्य प्रशिक्षक यसअघि नै घोषणा गरिसकेका छन् ।

### फिफा अन्तर्राष्ट्रिय खेल

## नेपाल र थाइल्याण्ड भिड्दै



**एजेन्सी**

ढाका । फिफा अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा बिहीबार नेपाल र थाइल्याण्डबीच प्रतिस्पर्धा हुँदै छ । थाइल्याण्डको चोनबुरीमा हुने खेल नेपाली समयअनुसार साँझ पौने ६ बजे सुरु हुनेछ ।

नेपाल र थाइल्याण्ड दुवै एएफसी एसिया कप-२०२३ को तेस्रो चरणमा प्रतिस्पर्धा गर्दैछन् । सोही प्रतियोगितालाई मध्यनजर गर्दै मैत्रीपूर्ण खेल खेलिन लागेको हो । नेपाल तेस्रो चरणको लागि समूह ए मा रहेको छ । जहाँ जोर्डन, आयोजक टिम कुवेत र इन्डोनेसिया छन् । यता, थाइल्यान्ड भने समूह सी मा छ । उज्वेकिस्तान, माल्दिभ्स र श्रीलंका एकै समूहमा छन् । फिफा वरीयता र तुलनात्मक रुपमा समेत बलियो देखिएको थाइल्याण्डविरुद्ध नेपाल किरण कुमार लिम्बूको कप्तानीमा मैदान उत्रनेछ ।

हाल थाइल्यान्ड फिफा वरीयताको ११२औं स्थानमा छ भने नेपाल १६७औं स्थानमा छ । मूख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले सहिद स्मारक ए डिभिजन लिग विजेता मछिन्द्रका खेलाडीलाई बाहिर राख्दै टिम बनाएका हुन् । मछिन्द्रले २२ चैतमा श्रीलंकाको सुपर लिग च्याम्पियन ब्लु स्टारसँग दशरथ रंगशालामा खेल्ने तालिका रहेसँगै उसका आधा दर्जनभन्दा बढी खेलाडी थाइल्यान्ड भ्रमण बाहिर रहेका हुन् । स्ट्राइकर विमल घर्ती मगर, मनिष डांगी, सुजल श्रेष्ठ, सुनिल बल, विशाल राई (बी), देवेन्द्र तामाङ, गोलरक्षक विशाल श्रेष्ठ, अभिषेक रिजाल, रेजिन धिमाल लगायत खेलाडी मछिन्द्रसँग अनुबन्ध छन् ।

उनीहरुको अनुपस्थितिमा अब्दुल्लाहले युवा खेलाडी प्रशान्त अवस्थी, सुदिप गुरुङ, आकाश बुढा मगर, नविन गुरुङ र गोलरक्षक टिकेन्द्र थापालाई मौका दिएका हुन् । । नेपाली टिममा कप्तान किरण र रोहित चन्द भने क्रमशः माल्दिभ्स र इन्डोनेसियाबाट टिमसँग जोडिसकेका छन् । मुख्य प्रशिक्षक अब्दुल्लाहले थाइल्यान्ड प्रस्थान गर्नुअघि युवा टिमबाट सकारात्मक नतिजाको आशा गरेको र सोहीअनुसार रणनीति बनाएर खेल्ने बताएका छन् । यससँगै अब्दुल्लाहले नेपाली टोलीका लागि १५औं खेल खेलाउँदै छन् । थाइल्यान्डपछि नेपालले थाई शीर्ष डिभिजनको चोनबुरी एफसीसँग १३ चैतमा खेल्नेछ ।

### जीपी कोइराला स्मृति हक्की प्रतियोगिता

## आर्मी र सुदूरपश्चिमको दोस्रो जित

**सौर्य समाचार**

विराटनगर । विराटनगरमा जारी शिखर पुरुष गिरिजाप्रसाद कोइराला स्मृति तेस्रो राष्ट्रिय पुरुष हक्की प्रतियोगितामा नेपाली सेनाको त्रिभुवन आर्मी क्लब र सुदूरपश्चिम प्रदेशले दोस्रो जित हासिल गरेका छन् । विराटनगरस्थित सहिद रंगशालमा बुधबार भएका खेलहरुमा आर्मी, सुदूपश्चिम प्रदेश र लुम्बिनी प्रदेश विजयी भएका छन् । प्रतियोगिताको पहिलो खेलमा आर्मीले गण्डकी प्रदेशलाई ११-० को फराकिलो गोलअन्तरमा पराजित गरेको छ । आर्मीका रोमन राना र प्रदीप राजवंशीले समान ४गोल, सुमितकुमार कामीले २ गोल र राजेन्द्र कार्कीले १ गोल गरे । आर्मीका प्रदीप खेलको म्यान अफ दी म्याच चुनिए ।

दोस्रो खेलमा सुदूरपश्चिम प्रदेशले मधेस प्रदेशलाई ७-१ गोलले हरायो । सुदूरपश्चिमका महेश नेपालीले ३ गोल, सुरेशप्रसाद जोशीले २ गोल, केशव जोशी र दीपकराज जोशीले समान १ गोल गरे । मधेसका रञ्जन महतोले गरे । सुदूरपश्चिम प्रदेशका गणेश ठगुन्ना खेलको म्यान अफ दी म्याच भए । त्यसैगरी तेस्रो खेलमा लुम्बिनी प्रदेशले प्रदेश १ लाई ४-१ गोलले हरायो । लुम्बिनीका लागि सुरजकुमार घर्तीले २ गोल, योगेशकुमार बाँधारे र अद्नान अन्सारीले समान १ गोल गरे । प्रदेश १ का लागि नरेश थापाले सान्तवना गोल फर्काए । लुम्बिनीका सलमान शेख खेलको म्यान दी म्याच घोषित भए ।समान २ खेल जितेका आर्मी र सुदूरपश्चिम प्रदेशको समान ६ अंक छ । प्रदेश १ र बाग्मती प्रदेशले समान ३ अंक जोडेका छन् ।

चैत १२ गतेसम्म चल्ने प्रतियोगितामा विभागीय टोली आर्मी प्रदेश १, मधेस प्रदेश, बाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशको सहभागिता छ ।

### यू-१९ राष्ट्रिय महिला क्रिकेट प्रतियोगिता

## मधेस प्रदेशलाई हराउँदै गण्डकी फाइनलमा

**सौर्य समाचार**

काठमाडौं । गण्डकी प्रदेश धनगढीमा जारी यू-१९ राष्ट्रिय महिला क्रिकेट प्रतियोगिता फाइनलमा पुगेकोछ । गण्डकीले मधेश प्रदेशलाई २० रनले हराउँदै समूह बीबाट शीर्ष स्थानमा रहँदै फाइनलमा पुग्ने पहिलो टोली बनेको हो ।

धनगढीको फाप्ला क्रिकेट मैदानमा पहिला ब्याटिङ गर्दै गण्डकीले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ७ रन बनाएको थियो ।

गण्डकीको लागि राष्ट्रिय प्रतियोगिता खेलि सकेकी ज्योत्स्निका मरासिनीले ३४ बलमा ८ चौकासहित सर्वाधिक ४३ रनको योगदान दिइन् ।



आंग पेम्बलामु शेपाले ३८ बलमा २ चौकासहित १७ र कुसुम गोदारले ७ रन बनाइन् । मधेश प्रदेशकी प्रतिमा शाह, साना प्रविन, बिमला मगरले २-२ विकेट लिए ।१ सय ८ रनको विजयी लक्ष्य पछ्याएको मधेश प्रदेशले २० ओभरमा ६ विकेट गुमाउँदै ८७ रन बनायो । मधेश प्रदेशकी ओपनर तथा विकेटकिपर एलिसा यादवले ५५ बलमा १ चौकासहित सर्वाधिक ३३ रन बनाइन् । साना प्रविनले ३८ बलमा २१, पुष्पा फुर्यालले ८, बिमला मगर र प्रतिमा शाहले ५-५ रन बनाए । गण्डकीका लागि कुसुम २, ज्योत्स्निका र आकृति तिवारीले १-१ विकेट लिए ।

समूह ए मा सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र बागमती छन् । समूह बी मा प्रदेश १, मधेश प्रदेश र गण्डकी प्रदेश छन् । दुबै समूहको शीर्ष दुई टोलीले फाइनल खेल्नेछन् । समूह ए बाट फाइनल पुग्ने टोलीको टुङ्गो लाग्न बाँकी छ । कर्णालीले सुरुवाती दुबै खेलमा जित निकालेको थियो । फाइनल चैत्र ११ मा हुनेछ ।

# विश्व

## अफगानिस्तानमा छात्रालाई विद्यालय जानबाट बञ्चित

**एजेन्सी**

काबुल । अफगानिस्तानमा छात्रालाई विद्यालय जान दिने निर्णय बदर भएको छ । सर्वत्र दबाबपछि अफगानिस्तानको तालिवान सरकारले बुधबारदेखि छात्रालाई विद्यालय जान दिने निर्णय गरेको थियो । तर विद्यालय जान दिने निर्णय कार्यान्वयन हुने केही घण्टा अगाडि निर्णय नै बदर भएको छ ।

छात्रालाई विद्यालय जान दिने निर्णय कार्यान्वयन नहुने भएको सरकारी अधिकारीहरुले पनि पुष्टि गरेका छन् । तर किन निर्णय रद्ध गरियो भन्ने बारेमा भने उनीहरुले केही बताएका छैनन् । छात्रालाई विद्यालय जान दिने निर्णयबाट खुसी भएकाहरु अहिले निर्णय कार्यान्वयन नहुने भएपछि दुखि भएका छन् ।

छात्रालाई विद्यालय जान दिने निर्णय तत्काल कार्यान्वयन नहुने हो ? भन्ने पत्रकारहरुको प्रश्नमा तालिवान



प्रवक्ता इनामुल्लाह सामाङ्गानीले भने, ' हो, त्यो सत्य हो ।' सरकारले निर्णय कार्यान्वयन नगर्ने भएपछि विद्यालय जाने तयारीमा रहेका छात्रा घरमै बस्न बाध्य भएका छन् ।

'निर्णय कार्यान्वन हुन नसक्नुको कारणका बारेमा अहिले नै विस्तृत व्याख्या गर्न हामीलाई अनुमती छैन,' शिक्षा मन्त्रालयका प्रवक्ता अजिज अहमद रायनले भने । अफगानिस्तानमा तालिवान सरकार गठन भएपछि महिला अधिकार खोसिएको भन्दै अधिकारवादीहरुले निरन्तर आवाज उठादै आएका थिए । उनीहरुको दबाबका कारण तालिवान उच्च अधिकारीहरुले महिलाहरुको अधिकार पुनर्वाहाली हुने दाबी पनि गर्दै आएका थिए ।

विश्वभरीबाट आएको दबाबका कारण तालिवान सरकारले छात्रालाई अध्ययन अध्यापन, रोजगारी लगायतका कार्य गर्न दिने निर्णय पनि गरेको थियो । तर अहिले आएर एकाएक त्यस निर्णयबाट तालिवान सरकार पछाडि हटेको छ ।

तालिवान सरकारले छात्रालाई विद्यालय जान दिने निर्णयबाट पछाडि हटेकोप्रति संयुक्त राष्ट्रसंघले पनि आपत्ति जनाएको छ । राष्ट्रसंघीय अधिकारीहरुले तालिवान सरकारको पछिल्लो निर्णयबाट अत्यन्त दुखि बनाएको टिप्पणी गरेका छन् ।

## रुसलाई जी-२० बाट निकाल्ने अधिकार कसैलाई छैन : चीन

**एजेन्सी**

वेइजिङ । संसारको शक्तिशाली देशको गुट जी-२० बाट रुसलाई बाहिर निकाल्न पश्चिमी देशको विचारमाथि चीनले जवाफ दिएको छ । चीनको विदेश मन्त्रालयका प्रवक्ता वांग वेन्बिनले बुधबार एक पत्रकार सम्मेलनका बेला जी-२० मा कुनै देशले कुनै अर्को देशलाई निकाल्न अधिकार नभएको बताएका छन् ।

समाचार एजेन्सी रोयटर्सका अनुसार अमेरिका र अन्य पश्चिमी देश रुसलाई जी-२० बाट निकाल्नेबारे विचार गरिरको छ । यो रिपोर्टमा भनिएको छ - पोल्याण्डले मंगलबार अमेरिकी अधिकारीलाई रुसको सट्टा यस गुटमा राख्ने सुझाव दिएको थियो र उनीहरुमा यसमा सकारात्मक जवाफ थिए ।

जी-२० विश्वका ठूला अर्थतन्त्रहरुको समूह हो जसले विश्वलाई असर गर्ने विषयहरु जस्तै विश्वव्यापी अर्थतन्त्र,



जलवायु परिवर्तन र विकासमा मिलेर काम गर्ने लक्ष्य राख्छ ।

यदि रुस बाहिरियो भने, यो पश्चिमाद्वारा लगाइएको आर्थिक प्रतिबन्धमा अर्को वृद्धि जस्तै हुनेछ । यद्यपि, यो विश्वास गरिन्छ कि भारत, चीन र साउदी अरब जस्ता जी-२० राष्ट्रहरुले यसमा रुसको समर्थनमा भिटो गर्न सक्छन् ।

केही विश्लेषकहरू विश्वास गर्छन् कि जी-सभेने को पश्चिमी गठबन्धनले यस वर्ष जी-२० बैठक बहिष्कार गर्नेछ । यस पटक इन्डोनेसियाको नेतृत्वमा रहेको र यसबारे चेतावनी दिइएको बताइएको छ । जकार्ताले यस विषयमा अहिलेसम्म कुनै सुनुवाइ गरेको छैन ।

अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले मंगलबार भने, 'हामी विश्वास गर्छौं कि रुस अन्तर्राष्ट्रिय संस्था र अन्तर्राष्ट्रिय समुदायमा पहिले जस्तै रहनु सामान्य हुनेछ।'

रुस पनि जी-सेभेन देशको सदस्य थियो । सन् २००० मा सामेल भए पछि यसलाई जीएट नाम दिइएको थियो ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४४२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी